# गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना
# (वि.सं.२०८२-२१०१)

<u>निर्णय मिति र स्तर</u>

स्वीकृत मितिः २०८२।०७।२७

निर्णयस्तरः गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्)

वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, कास्की

२०८२

# विषय सूची


**खण्ड १ वन क्षेत्रको पृष्ठभूमि** १
१.१ भौगोलिक अवस्था १
१.२ वन क्षेत्रको अवस्था १
१.३ वन व्यवस्थापनको अवस्था ३
१.४ नेपालको संविधान र वन व्यवस्थापन ५
१.५ नीतिगत तथा कानूनी व्यवस्था ६
१.६ चुनौती र अवसरहरु ७
१.७ रणनीतिक योजनाको आवश्यकता ८
१.८ रणनीतिको अवधि र सिमा ९

**खण्ड २ वन क्षेत्रको रणनीतिक योजना तर्जुमा प्रक्रिया** १०

**खण्ड ३ दूरदृष्टि, लक्ष्य र उद्देश्य** ११
३.१ दूरदृष्टि ११
३.२ लक्ष्य ११
३.३ उद्देश्यहरु ११
३.४ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्त ११

**खण्ड ४ वन क्षेत्र व्यवस्थापन पद्धति** १२
४.१ राष्ट्रिय वनको व्यवस्थापन पद्धति १२
४.२ अन्य वन व्यवस्थापन पद्धति १४

**खण्ड ५ रणनीतिक योजनाका क्षेत्रहरु** १५
५.१ विषयगत क्षेत्र १५
५.१.१ दिगो वन व्यवस्थापन १५
५.१.२ वन, वन्यजन्तु र जैविक विविधता संरक्षण र व्यवस्थापन २०
५.१.३ जलाधार क्षेत्रको एकिकृत व्यवस्थापन २६
५.१.४ वन उद्यम, पर्यापर्यटन विकास तथा प्रवर्धन ३३
५.१.५ निजी तथा कृषी वन विकास र प्रवर्धन ३१
५.२ अन्तर विषयगत क्षेत्रहरु ३२
५.२.१ सार्वजनिक, नदी उकास क्षेत्र र शहरी वन विकास तथा व्यवस्थापन ३२
५.२.२ जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन ३४
५.२.३ सुशासन तथा समावेशीकरण प्रवर्धन ३६
५.२.४ अध्ययन, अनुसन्धान, प्रविधि विकास र प्रसार ३७
५.२.५ लैंगिक समानता तथा सामाजिक समावेशिकरण ३८

**खण्ड ६ रणनीतिक योजना कार्यान्वयनमा भूमिका र समन्वय** ४०
६.१ संघको भूमिका र समन्वय ४०
६.२ प्रदेशको भूमिका र समन्वय ४०
६.३ स्थानीय तहको भूमिका र समन्वय ४१
६.४ समुदायको भूमिका र समन्वय ४२
६.५ अन्तर निकाय समन्वय ४२
**खण्ड ७ संस्थागत तथा कानूनी संरचना** ४३
७.१ संस्थागत संरचना ४३
७.२ कानूनी व्यवस्था ४३
**खण्ड ८ रणनीतिक योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन र पुनरावलोकन** ४४
८.१ रणनीतिक योजनाको कार्यान्वयन ४४
८.२ मानव संसाधन व्यवस्थापन ४५
८.३ रणनीतिक योजनाको सञ्चार ४५
८.४ अनुगमन र मूल्याङ्कन रणनीति ४५
८.५ रणनीतिक योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन ४५
८.६ जोखिम व्यवस्थापन ४६
**खण्ड ९ रणनीतिक योजना कार्यान्वयनको वित्तीय व्यवस्था** ४७
**खण्ड १० अपेक्षित उपलब्धि** ४८
**सन्दर्भ-सामाग्री** ५०
अनुसूचीहरु ५२
अनुसूची १: गण्डकी प्रदेशको भू-उपयोग अवस्था ५२
अनुसूची २: जिल्ला अनुसार वन क्षेत्रको विवरण ५३
अनुसूची ३: स्थानीय तह अनुसार वन क्षेत्रको विवरण ५४
अनुसूची ४ गण्डकी प्रदेशमा रहेको अन्तरप्रादेशिक वनको विवरण ५८
अनुसूची ५: गण्डकी प्रदेशको प्रादेशिक र अन्तरप्रादेशिक वन क्षेत्र ५९

गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट
मिति २०८२।०७।२७ मा स्वीकृत

# गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना (वि.सं.२०८२-२१०१)

निमित्त प्रमुख सचिव

## खण्ड १
## वन क्षेत्रको पृष्ठभूमि

### १.१ भौगोलिक अवस्था

नेपालको सङ्घीय संरचनाको शासकीय स्वरुप अनुसार नेपाललाई सात सय त्रिपन्न स्थानीय तह, सात प्रदेश र सङ्घीय सरकार गरी तीन तहका सरकारको रूपमा विभाजन गरिएको छ। प्रशासनिक हिसाबले गण्डकी प्रदेशलाई ११ जिल्ला, एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी जम्मा ८५ स्थानीय तह र ७५९ वडाहरुमा सिमाङ्कन गरिएको छ।

नेपालको मध्यभागमा अवस्थित यस प्रदेश २७°२६'१५'' उत्तरी अक्षांश देखि २९°१९'५०'' सम्म र ८२° ५२'४५'' पूर्वी देशान्तर देखि ८५°१२'०५'' सम्म फैलिएको छ। नेपालको कुल भूभागको १४.९७ प्रतिशत (२१,९७४.३४ वर्ग किलोमिटर) क्षेत्रफल गण्डकी प्रदेशले ओगटेको छ। यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीन वटै धरातलीय स्वरूपलाई समेटेको छ। उचाईको हिसाबले तराईको समथर भूभाग नवलपरासी देखि धवलागिरी हिमाल (८,१६७ मीटर) सम्म फैलिएको यस प्रदेशमा नेपालमा पाईने सवै प्रकारको हावापानी पाईन्छ। स्थान विशेषमा रहेको उचाई र हावापानीको विविधताका कारण यस प्रदेश जैविक विविधतामा समेत अग्रस्थानमा रहेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७५; प्रदेश नीति तथा योजना आयोग, २०७७)।

यस प्रदेश जलस्रोत तथा जलप्रवाहका दृष्टिकोणबाट समेत सम्पन्न प्रदेशको रुपमा रहेको छ। गण्डकी बेसिनका नामले प्रख्यात यस प्रदेशमा त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, दरौदी, सेती, मादी, मार्दी, मोदी खोला, म्याग्दी खोला, कालीगण्डकी, बडीगाड गरी ११ वटा नदी तथा खोलाहरु हिमालबाट उत्पत्ति भएर स्थाईरुपमा बग्दछन्। यस बाहेक यस प्रदेशमा थप ३५ वटा साना ठूला गरी उप-जलाधारहरु रहेका छन् (JICA Nepal, 2022)। संसारकै अग्लो ४,९१९ मिटर उचाईमा रहेको तिलिचो ताल, हिमताल तथा हिमनदीहरु एवम् रामसार सूचीमा सूचीकृत फेवाताल समेत तालतलैया र अन्य सिमसार क्षेत्रहरु यस प्रदेशका महत्वपूर्ण सम्पदाका रुपमा रहेका छन्।

### १.२ वन क्षेत्रको अवस्था

नेपालको वन व्यवस्थापन देशको राजनीतिक परिवर्तन, शासन प्रणाली र जनचाहना अनुरुप वन व्यवस्थापनका नीति, नियम र अभ्यासहरु रूपान्तरित हुँदै आएको छन्। वि.सं. २००७ साल अगाडी तराईका उत्पादनशिल वनबाट राज्यले काठ दाउरा बिक्री गरी राजश्व बढाउने र भूमिकरका लागि वन फँडानी गर्ने नीति अबलम्बन गर्‍यो। बि.सं. २००८ सालमा वन विभाग स्थापना भई संस्थागत व्यवस्थापनको सुरुवात भयो भने २०१३ सालमा वन राष्ट्रियकरण गरी वनमा निजी स्वामित्व अन्त्य गरियो। यस अवधिमा वैदेशिक सहयोगमा तराईमा प्रारम्भिक वन कार्ययोजना निर्माण भए। वि.सं. २०१८ को वन ऐन र २०२४ को वन संरक्षण विशेष व्यवस्था ऐनले कानूनी ढाँचा प्रदान गर्‍यो। वि.सं. २०३३ को राष्ट्रिय वन योजना स्वीकृत भयो। यसको



प्रदेश सचिव

भावना अनुरुप वन ऐनमा संशोधन गरी वैज्ञानिक वन व्यवस्थापन,सहभागितामूलक वन व्यवस्थापन, कबुलियती वन र निजी वन विकासका प्रावधानले प्रवेश पाए। वि.सं. २०४६ सालमा २५ वर्षे वन विकास गुरुयोजना कार्यान्वयनमा आए पश्चात वन ऐन, २०४९ र वन नियमावली, २०५१ ले सामुदायिक, निजी, र कबुलियती वन व्यवस्थापन पद्धतिलाई संस्थागत गर्यो भने २०५० सालमा वन संगठन संरचनामा सुधार गरियो। यससँगै वनको संरक्षण र दिगो उपयोगमा सरकार सहित जनताको सहभागिता समेत सुनिश्चित गर्‍यो। यसबाट देशै भरी सामुदायिक वन विस्तार भयो। वि.सं. २०५७ को वन नीति र २०७१ को राष्ट्रिय वन नीतिले दिगो व्यवस्थापन, जलवायु अनुकूलन र सुशासनका सिद्धान्त अघि ल्याए। संघीय संरचनाअनुसार २०७५ को राष्ट्रिय वन नीति, २०७६ को वन ऐन र २०७९ को वन नियमावली लागू भएका छन् (वन तथा वातावरण मन्त्रालय, २०८१) भने प्रदेशमा गण्डकी प्रदेश वन ऐन, २०८० र वन नियमावली २०८१ तर्जुमा भई वन क्षेत्र दिगो, सहभागी र समावेशी शासन प्रणालीतर्फ रूपान्तरण हुँदै आएको छ।

गण्डकी प्रदेशको कालिगण्डकी खोंच पूर्वीय वानस्पतिक क्षेत्र र पश्चिमी वानस्पतिक क्षेत्रको संगमस्थल र तराई देखि हिमाल सम्मको हावापानी पाईने हुनाले वन, वनस्पति, जैविक विविधता तथा जलाधार सम्पदाको हिसाबले यस प्रदेश अग्रिणी स्थानमा छ। नेपालको वानस्पातिक प्रकारको नक्साङ्कन बमोजिम प्रदेशमा विभिन्न ८ वटा वानस्पतिक क्षेत्र र २४ वानस्पतिक प्रकार रहेको पाईन्छ। यस प्रदेशको तल्लो उष्ण क्षेत्रमा उष्ण हावापानीमा पाईने प्रजातीका साल, साज, अस्ना, खयर, गुटेल प्रजातिहरु; मध्य पहाडी क्षेत्रमा चिलाउने, कटुस, टुनी, उत्तीस, खोटेसल्ला प्रजातिहरु; उच्च पहाडी भागमा कोणधारी प्रजाति, जडीबुटी र उच्च हिमाली भागमा बुट्यान एवं जडीबुटी प्रजातिका रुख तथा वनस्पतीहरु पाईन्छन्। नेपालमा पाइने कूल २९३ रैथाने (इन्डेमिक) फूल फुल्ने वनस्पतिहरु मध्ये सबैभन्दा बढी १०२ प्रजाति गण्डकी प्रदेशमा पाइन्छ (Rajbhandari *et.al*, 2021)।

पछिल्लो वन सर्वेक्षण प्रतिवेदन अनुसार गण्डकी प्रदेशमा प्रदेशको कूल भू-भाग मध्ये ३७.९८ प्रतिशत (८,३१,६९४ हेक्टर) वन र ४.० प्रतिशत (८७,६५५ हेक्टर) अन्य झाडी, बुट्यानले गरी कूल ४१.९८ प्रतिशत (९,१९,३४९ हेक्टर) वन क्षेत्रले ढाकेको छ। त्यस्तै यस प्रदेशले नेपालको कूल भू-भागको ६.२३ प्रतिशत र कूल वन क्षेत्रफलको १३.५३ प्रतिशत वन क्षेत्रले ओगटेको छ। यसबाट गण्डकी प्रदेशमा पछिल्लो समयमा वन क्षेत्रले ढाकेको क्षेत्र बढिरहेको देखिन्छ (FRTC, 2024)। साथै कूल भू-भागको २२.०१ प्रतिशत (४,८२,००७ हेक्टर) चरण/घाँसे क्षेत्र रहेको देखिन्छ। यस प्रदेशको भू-उपयोग विवरण अनुसूची १ मा, प्रदेशका जिल्लाहरुको वन क्षेत्रको विवरण अनुसूची २ मा र प्रदेशका स्थानीय तहमा रहेको वन क्षेत्रको विवरण अनुसूची ३ मा दिईएको छ (DFRS, 2018)।

वनस्रोत गणना अनुसार नेपालको औसत वृद्धि मौजदात १६४.७६ घनमीटर प्रतिहेक्टर रहेकोमा तराईमा १६१.६६ घनमीटर प्रतिहेक्टर, चुरेमा १४७.४९ घनमीटर प्रति हेक्टर, मध्य पहाडमा १२४.२६ घनमीटर प्रतिहेक्टर र उच्च हिमालमा २२५.२४ घनमीटर प्रतिहेक्टर रहेको छ (DFRS, 2015)। गण्डकी प्रदेशमा तराईमा वन क्षेत्र कम रहेको; भित्री मधेस, चुरे एवम् मध्य पहाडमा वन क्षेत्र बढी रहेको र उच्च हिमाली भू-भागमा वन क्षेत्र कम रहेको परिप्रेक्ष्यमा यस प्रदेशको वनको बृद्धि मौज्दात राष्ट्रिय औसत भन्दा निकै कम रहेको अनुमान गर्न सकिन्छ।

प्रदेश सचिव

डिभिजन वन कार्यालयहरुको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना अनुसार प्रदेशका समुदायद्वारा व्यवस्थित वनबाट बार्षिक रुपमा ३५ लाख ४४ हजार घनफिट, सरकारद्वारा व्यवस्थित वनबाट १४ लाख ९९ हजार घनफिट काठ दाउरा र ३ लाख पचास हजार के.जी. जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार उत्पादन हुने अनुमान गरिएको छ। स्थानीय समुदायको पहुँच भएका राष्ट्रिय वन क्षेत्र समुदायद्वारा व्यवस्थित वनको रुपमा हस्तान्तरण गरिएको छ। समुदायको पहुँच भन्दा टाढा, अपायक, उच्च पहाड र हिमाली क्षेत्र, भिर चट्टानी भूभागमा रहेका अन्य राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेका छन्। यस व्यवस्थापन पद्धतिमा काठ दाउरा उत्पादन भन्दा वातावरणीय सेवा मुलक वनको रुपमा व्यवस्थापन गर्ने गरिएको छ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गरेको अध्ययन अनुसार यस प्रदेशमा कुल कार्बन उत्सर्जन ४२५३.४२ गिगाग्राम कार्बन डाइअक्साइड बराबर (GgCO2-eq) र कुल कार्वन संचितिकरण २३३०.७९ गिगाग्राम कार्बन डाइअक्साइड बराबर (GgCO2-eq) रहेको छ (FRTC. 2022)।

यस प्रदेशमा विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ति क्षेत्र, ढोरपाटन शिकार आरक्षको आंशिक भाग, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको सम्पूर्ण भू-भाग पर्दछन् । यस प्रदेशमा रहेको अन्नपूर्ण संरक्षण क्षेत्रमा मात्र १ हजार ८९ किसिमका वन्यजन्तुहरु र १ हजार ८ सय ५६ प्रकारका वनस्पति प्रजातिहरु पाईन्छन् भने विश्व सम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जको यस प्रदेशको भागमा समेत संकटापन्न, दुर्लभ, संरक्षित वन्यजन्तु र वनस्पतहरु पाईन्छन्। संकटापन्न, दुर्लभ तथा संरक्षित वन्यजन्तुहरु जस्तै गैंडा, बाघ, हिउँ चितुवा, हिमाली रातो भालु, कस्तुरी मृग, अर्गाली, जङ्गली गधा, डाँफे, मोनाल, चिर कालिज, घडियाल गोही, गिद्ध, हुँडार समेत पाईन्छन् (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७५; NTNC-ACAP, 2024; Subedi P. 2005; Subedi et.al. 2005; Subedi, P. 2013)

प्रदेशको वन क्षेत्रले कृषि, ऊर्जा, स्वच्छ पानी, पर्यावरणीय सुरक्षा, पर्यापर्यटन तथा वनजन्य उद्योगको दिगो विकास एवं सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा योगदान पुर्याएको छ। वनक्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण रोजगारीको अवसरहरूको सृजना, पर्यापर्यटनमा टेवा, कार्वन सञ्चिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थितिकीय सेवाहरू अभिवृद्धि गरी समृद्धि प्राप्तिको राष्ट्रिय लक्ष्यमा वनक्षेत्रको समग्र योगदान बढाउनुपर्ने आवश्यकता रहेको छ।

## १.३ वन व्यवस्थापनको अवस्था

प्रदेशको राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गरिएको छ। यी वनहरुलाई राष्ट्रिय वनको व्यवस्थापन पद्धति मानिएको छ। प्रदेश भित्रका राष्ट्रिय वनलाई व्यवस्थापन गर्दा व्यवस्थापन पद्धति अनुसार वन व्यवस्थापन कार्ययोजना तयार पारी तोकिएको निकायबाट स्वीकृत गरी कार्यान्वयन गरिएको छ। सबै प्रकारका वनमा रहेको स्रोतको संरक्षण, विकास, सम्वर्धन, व्यवस्थापन कार्यलाई व्यवस्थापन योजनाद्वारा व्यवस्थित गराउने कार्यलाई निरन्तरता दिईएको छ।

उल्लेखित वन व्यवस्थापन पद्धति बाहेक प्रदेशका राष्ट्रिय वनमा रहेको विशेष भू-दृष्य, वातावरणीय, पारिस्थिकीय र प्रजातिय विशेषता; ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्व; जलाधारको पानी चक्र र जलीयपुनर्भरणको महत्वलाई ध्यानदिई गरी नेपाल सरकारबाट संरक्षित क्षेत्र, जलाधार र वातावरण संरक्षण क्षेत्र र उद्यान समेत घोषणा गरी नेपाल सरकारका निकायबाट वन क्षेत्रको व्यवस्थापन गरिदै आएको छ। प्रदेशमा भईरहेको राष्ट्रिय वनको व्यवस्थापन पद्धति र विशेष महत्वका क्षेत्रहरुको प्रादेशिक अवस्था तालिका नं. १ र २ मा प्रस्तुत गरिएको छ।

तालिका १: व्यवस्थापन पद्धति अनुसार वनको विवरण

| क्र.सं. | व्यवस्थापन पद्धति | संख्या | क्षेत्रफल (हे.) | प्रदेशका जिल्ला |
|---|---|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | | | |
| १.१ | सरकारद्वारा व्यवस्थित चक्ला | १ | ३८३८.८२ | नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| १.२ | सरकारद्वारा व्यवस्थित अन्य वन | | ५४४२७७.२९ | मुस्ताङबाहेक अरु १० जिल्ला |
| २ | समुदायद्वारा व्यवस्थित वन | | | |
| २.१ | सामुदायिक वन | ३९७२ | २८३०७३.०० | मुस्ताङबाहेक अरु १० जिल्ला |
| २.२ | साझेदारी वन | १ | ६७२.८६ | नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| २.३ | गरिबीको रेखामुनिको समुदायका लागि कबुलियती वन | ११९९ | ५७७४.०० | म्याग्दी, बाग्लुङ, पर्वत, स्याङजा, लमजुङ, गोरखा, तनहु र नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| २.४ | धार्मिक वन | ४१ | ३९८.५० | म्याग्दी, बाग्लुङ, पर्वत, स्याङजा, कास्की, लमजुङ, गोरखा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| ३ | वन संरक्षण क्षेत्र | १ | ५७७५.७३ | कास्की, पर्वत र स्याङजा |
| ४ | व्यावसायिक कबुलियती वन | १ | ०.९६ | तनहुँ |
| ५ | वन्यजन्तु उद्दार केन्द्र | १ | १३८.०० | कास्की |

स्रोतः वन निर्देशनालय, २०८२; डिभिजन वन कार्यालयहरुको बार्षिक प्रतिवेदन, २०८२

तालिका २: नेपाल सरकारबाट घोषणा गरिएका विशेष क्षेत्रको विवरण

| क्र.सं. | व्यवस्थापन पद्धति | संख्या | क्षेत्रफल (हे.) | प्रदेशका जिल्ला |
|---|---|---|---|---|
| १ | संरक्षित क्षेत्र | | | |
| १.१ | चितवन राष्ट्रिय निकुञ्ज (आंशिक भाग) | १ | ९६०० | नवलपरासी (ब.सु.पू) |
| १.२ | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र (आंशिक भाग) | १ | १५१०० | नवलपरासी (ब.सु.पू) |

प्रदेश सचिव

| | | | | |
|---|---|---|---|---|
| १.३ | ढोरपाटन शिकार आरक्ष (आंशिक भाग) | १ | ५०१०० | बाग्लुङ र म्याग्दी |
| १.४ | अन्नपूर्ण संरक्षण क्षेत्र | १ | ७६२९ | मुस्ताङ, म्याग्दी, कास्की, लमजुङ र मनाङ |
| १.५ | मनास्लु संरक्षण क्षेत्र | १ | १६६३ | गोरखा |
| २ | अन्य क्षेत्र | | | |
| २.१ | पोखरा उपत्याका ताल समूह | १ | १७२.८३ | कास्की (रामसारमा सूचीकृत) |
| २.२ | फेवा जलाधार क्षेत्र | १ | १३२०० | कास्की |
| २.३ | विश्वशान्ति जैविक विविधता उद्यान | १ | १६४.६७ | कास्की |
| २.४ | भानुभक्त प्राणी उद्यान | १ | ४२८ | तनहुँ |
| २.५ | वातावरण संरक्षण क्षेत्र | १ | १०१९६२.७१ | तनहुँ र नवलपरासी (ब.सु.पू) |

स्रोतः मुद्रण विभाग, २०७८; मुद्रण विभाग, २०७७; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७५. मुद्रण विभाग, २०७४; मुद्रण विभाग, २०७१; मुद्रण विभाग, २०६८, MoFE, 2018,

## १.४ नेपालको संविधान र वन व्यवस्थापन

नेपालको संविधानको मौलिक हक र राज्यका नीति अन्तर्गत राज्यका तीन तहका सरकारले एक अर्का बीचको समन्वय, सहअस्तित्व र सहकार्यमा स्वस्थ र स्वच्छ वातावरण कायम राख्ने; र राष्ट्रिय हित अनुकूल प्राकृतिक स्रोतको संरक्षण, संवर्धन र अन्तरपुस्ता वीच समताका आधारमा उपयोगी हुने गरी दिगो वन व्यवस्थापन गर्न निर्देशित गरेको छ।

नेपालको संविधानको विभिन्न धाराहरुमा सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने; प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा सो प्रभावलाई निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने; वातावरण प्रदूषण गर्नेले सो बापत पिडितलाई क्षतिपूर्ती दिनु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वनक्षेत्र कायम गर्ने व्यवस्था उल्लिखित छ। राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको आधारमा उपलब्ध वन, वन्यजन्तु, वनस्पति, खनिज जस्ता प्राकृतिक स्रोत, साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने सम्बन्धी नीतिगत व्यवस्था संविधानमा समावेश गरी समग्ररुपमा वन क्षेत्रलाई प्राथमिकता दिएको छ।

संविधानमा वन क्षेत्रको संरक्षण, विकास र व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिकाको बारेमा अनुसूची ५ देखि ९ सम्म व्यवस्था गरेको छ। संविधानको अनुसूची-५ मा संघको अधिकारको सूची अन्तर्गत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति र

प्रदेश सचिव

निमित्त प्रमुख सचिव

कार्बन सेवा समावेश छन्। प्रदेशभित्रको राष्ट्रिय वन तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूची अन्तर्गत अनुसूची-६ तथा अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल र वन संरक्षण क्षेत्र, संघ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७ मा उल्लिखित छन्। स्थानीय वातावरण व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण स्थानीय तहको अधिकार सूचीअन्तर्गत अनुसूची ८ मा समावेश छन्। साथै, अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची वन जंगल, वन्यजन्तु, चराचुरुङ्गी, वातावरण तथा जैविक विविधतालाई उल्लेख गरिएको छ। यसरी संविधानमा उल्लिखित भूमिका अनुरूप प्रदेश तथा अन्य तहका सरकारले कानून बनाई वातावरणको स्वच्छता कायम गर्दै वनको व्यवस्थापन गर्न सक्दछन्।

## १.५ नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधान अनुसार राष्ट्रिय वनको नीति निर्माण कार्य संघको अधिकारभित्र पर्दछ भने राष्ट्रिय वनको व्यवस्थापन प्रदेशको अधिकारभित्र पर्दछ। त्यसैगरी वनको संरक्षण गर्ने कार्य तीनै तहको साझा अधिकारभित्र पर्दछ। नेपालको संविधानले निर्देशित गरेको नीति, सिद्धान्त र सबै तहका सरकारको भूमिका बमोजिमका दायित्व निर्वाह गर्न नेपाल सरकारले वनको दिगो व्यवस्थापनका लागि राष्ट्रिय वन नीति, २०७५ जारी गरेको छ। राष्ट्रिय वन नीति वनक्षेत्रको मूल नीतिको रूपमा रहेको छ। यस नीतिले राष्ट्रिय वनको व्यवस्थापनका सम्बन्धमा देहायका मुख्य उद्देश्यहरू लिएको छ।

१. वनक्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने।
२. वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने।
३. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने।
४. वनक्षेत्रको संरक्षण र वातावरणीय सेवा सोको बहुआयामिक उपयोग गर्ने।
५. कार्बन उत्सर्जन न्यूनीकरण गर्ने र नेपालको लक्ष्यमा वनक्षेत्रबाट योगदान पुयाउने,
६. जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने,
६. वन क्षेत्रको शासकिय सुधार, सामाजिक सुरक्षा र समावेशिकरण।

यसै नीति अन्तर्गत रहेर वन क्षेत्रसँग सम्बन्धित राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना, २०८१; बृहत जलाधार व्यवस्थापन रणनीति, २०८०; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सम्बन्धित नियमावलीहरु; भू तथा जलाधार संरक्षण ऐन, २०३९ र यसको नियमावली; वन ऐन, २०७६ र वन नियमावली; वातावरण संरक्षण ऐन, २०७६ र नियमावली; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली; अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० समेतका विषयगत र अन्तरविषयगत क्षेत्रका ऐन र नियमावलीहरु तर्जुमा तथा परिमार्जन भएका भएका छन्।

उल्लेखित नीति, रणनीति र कानूनसँग सामञ्जस्यता हुने गरी गण्डकी प्रदेशले वन क्षेत्रको व्यवस्थापनका लागि प्रादेशिक वर, पिपल, समी तथा चौतारा संरक्षण ऐन, २०७५; वातावरण

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

संरक्षण ऐन, २०७७; वन ऐन, २०८०; वातावरण संरक्षण नियमावली, २०७९; वन नियमावली, २०८०; वन्यजन्तु उद्दार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१; वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२; काठ दाउरामा आधारित उद्योग स्थापना तथा संचालनका लागि वनक्षेत्र र उद्योग बीच कायम हुनु पर्ने दुरी निर्धारण मापदण्ड, २०७९ तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। यी प्रदेशिक कानूनको अलावा वंन तथा वातावरण क्षेत्रको संरक्षण र व्यवस्थापनमा आवश्यक पर्ने कानून निर्माण हुने चरणमा रहेका छन्। गण्डकी प्रदेशको राष्ट्रिय वनको व्यवस्थापनका पद्धति उल्लेखित नीति एवं कानून बमोजिम वनको संरक्षण, व्यवस्थापन, विकास, सदुपयोग र नियमनका कार्यहरु दिगो वन व्यवस्थापनका सिद्धान्तका आधारमा हुनेछन्।

## १.६ चुनौती र अवसरहरु

वन क्षेत्रले स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, गैह्रकाष्ठ वन पैदावारको आपूर्ति मार्फत जनताको जीविकोपार्जन र वन उद्यमका लागि आवश्यक कच्चा पदार्थको उपलब्ध गराई रोजगारी सृजना मार्फत अर्थतन्त्रमा टेवादिई राष्ट्रिय समृद्धिमा योगदान पुर्याएको छ। त्यस्तै अप्रत्यक्ष रुपमा वन क्षेत्रले वातावरणीय स्वच्छता कायम राख्न, जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन गराउन, कार्बन संञ्चिति गर्न र वातावरणीय सेवा उपलब्ध गराई महत्वपूर्ण भूमिका खेलेको छ। तथापि नेपालले वन क्षेत्रको समग्र व्यवस्थापनमा विभिन्न समयमा चुनौतिको सामना गर्नु परिरहेको छ। वन क्षेत्रमा वन अतिक्रमण, 'चोरी कटानी, वन डढेलो र मिचाहा वनस्पतिको प्रकोप जस्ता वन संरक्षणका कठिनाई रही आएकोमा वर्तमानमा नयाँ चुनौति थपिएका छन्। मानव-वन्यजन्तु द्वन्द्व, वन क्षेत्रको जग्गा अन्य विकास निर्माण कार्यको लागि अत्याधिक मागले विकास र वातावरण विचको सन्तुलनमा चुनौति थपिएका छन्। प्रदेशका युवा जनशक्तिको क्षेत्रिय तथा अर्न्तराष्ट्रिय बसाईसराई, समुदायमा आधारित वन व्यवस्थापनको निर्णय प्रक्रियामा आदिवासी, जनजाती एवं स्थानीय समुदायको कमजोर सहभागिता, समुहमा लाभांश वितरणको अभ्यासमा पारदर्शिता, जवाफदेहिता, कानुन पालना र कार्यान्वयन जस्ता सवाल लगायत हाल वन व्यवस्थापनमा देखिएका चुनौतिलाई देहायमा उल्लेख गरिएको छ।

- वन संवर्धनमा प्रणालीमा आधारित वन व्यवस्थापन,
- वन पैदावारको उत्पादन बृद्धि, बजार व्यवस्थापन र आयात प्रतिस्थापन,
- वन क्षेत्रको संरक्षण (अतिक्रमण, चोरी कटानी, चरिचरण र अपराध नियन्त्रण),
- विकास आयोजनाको लागि वन क्षेत्रको माग एवं विकास र वातावरण वीच सन्तुलन,
- जलवायु परिवर्तनका कारणले मिचाहा वनस्पति, वन डढेलो र बाढीको बढ्दो प्रकोप,
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन,
- जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन,
- वन क्षेत्रको दिगो व्यवस्थापनमा प्राथमिकता।
- प्रभावकारी समतामूलक शासन र व्यवस्थापनमा सुधार।

प्रदेश सचिव

नेपालको प्राकृतिक स्रोतहरु मध्येको वन क्षेत्र जनताको जीविकोपार्जनसँग जोडिएको साथै पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुयाउने महत्वपूर्ण विषय रहेको हुनाले यसको दिगो र समावेशी व्यवस्थापन मार्फत देहाय बमोजिमका उपलब्धी हासिल गर्न सकिने अवसर रहेको छ।

- वन संवर्धन प्रणालीमा आधारित दिगो र समावेशी वन व्यवस्थापन मार्फत उत्पादन र उत्पादकत्व बृद्धि,
- समुदायमा आधारित वन समूह मार्फत वनको व्यवस्थापन, लक्षित वगर्गमुखी वनमा आधारित उद्योग र पर्यापर्यटन प्रवर्द्धन,
- बहुमूल्य जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको खेती विस्तार, दिगो व्यवस्थापन, प्रशोधन तथा मूल्य अभिवृद्धि गरी उत्पादनहरूको व्यवसायीकरण तथा निर्यात,
- कार्बन उत्सर्जन न्यूनीकरणबाट कार्बन व्यापारमार्फत अन्तर्राष्ट्रिय सहायता र भुक्तानी प्रासि,
- प्रदेशका खाली जमिन, हैसियत बिग्रेका वनक्षेत्र, बाँझो कृषि जमिनमा मूल्यवान जडीबुटी एवं वन पैदावारको बृहत रोपण गरी कृषि वनको विकास तथा विस्तार,
- प्रकृतिमा आधारित पर्यटन मार्फत स्थानीय जीविकोपार्जन तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान,
- वनक्षेत्रलाई उद्योग, जलस्रोत तथा कृषि क्षेत्रको प्रमुख आधारको रूपमा विकास,
- जलवायु परिवर्तनको संवेदनशिलताको संबोधन र स्वच्छ वातावरण सेवाको प्रवर्धन,
- जलाधारीय स्रोत निरन्तरता एवं वातावरणीय सेवा भुक्तानी प्रणालीको विकास,
- निजी क्षेत्रलाई वन उद्यममा लगानी,
- शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन र
- दिगो विकासका लक्ष्यहरूमा योगदान।

## १.७ रणनीतिक योजनाको आवश्यकता

नेपालको संवैधानिक व्यवस्था अनुसार प्रदेश भित्रको राष्ट्रिय वनको व्यवस्थापनको जिम्मेवारी एकल रुपमा प्रदेश सरकारमा रहेको छ। वन, जैविक विविधता वातावरण संरक्षण तथा जलाधार व्यवस्थापनका विषयहरु तीनै तहका सरकारको साझा अधिकारका सूचीका विषय समेत समावेश छन्। यस परिपेक्षमा प्रदेशको समग्र वन क्षेत्रको दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण, पर्यावरणीय सन्तुलन, जलाधार संरक्षण र व्यवस्थापन, शहरमा हरियाली प्रवर्धन, गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन एवं वन उद्यम विकास, स्थानीय रोजगारी बृद्धि र दिगो आर्थिक विकासका लागि एकीकृत रुपमा सबै क्षेत्रलाई समेटी लैजान हालसम्म प्रदेशिक रणनीतिक योजना तयार भै नसकेको परिप्रेक्ष्यमा गण्डकी प्रदेशको लागि एउटा छुट्टै रणनीति आवश्यक देखिन्छ।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिमका जिम्मेवारी पूरा गर्न, गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ८ र गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ४ मा प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन, विकास र सदुपयोग गर्न रणनीतिक योजना मन्त्रालयले तयार गरी प्रदेश सरकारमा स्वीकृतिका लागि पेस गर्ने व्यवस्था रहे बमोजिम यस रणनीतिक योजना तयार गर्नु अत्यावश्यक छ।

यो रणनीतिक योजनाले गण्डकी प्रदेशको राष्ट्रिय वन क्षेत्रको दिगो व्यवस्थापन गर्न एवं वन क्षेत्रमा देखिएका चुनौति सामना गर्न, अवसरहरुको पहिचान र विष्लेषण गरी वन क्षेत्रको उत्पादकत्व बढाउन दिशानिर्देश गर्नेछ। हाल उपलब्ध सूचना एवं तथ्याङ्कहरुको आधारमा तयार गरिएको यस रणनीतिले वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्य परिपूर्ति गर्ने अपेक्षा गरिएको छ। यस रणनीतिमा उल्लेख भएका विषयगत क्षेत्रका क्रियाकलापको सूचक, समयसीमा र कार्यसम्पादन गर्ने निकायको छोटकरी रुपरेखा अनुसूची ४ मा दिइएको छ।

## १.८ रणनीतिको अवधि र सिमा

गण्डकी प्रदेशको यस रणनीतिक योजनाको अवधि २० वर्ष (वि.सं. २०८२-२१०१) रहनेछ। यो रणनीति हालसम्म उपलब्ध सरकारी तथा अन्य निकायका प्रकाशित प्रतिवेदन, तथ्याङ्क, एवं अन्य प्रकाशित सन्दर्भ सामग्री, वन क्षेत्र र यस संग सम्वन्धित सरोकारवाला तथा नीति निर्मातासँगको छलफल एवं प्राप्त सुझावहरुको आधारमा तयार गरिएको छ। यस अवधिमा अवश्यम्भावी रुपमा परिवर्तनहरु हुन सक्नेछन्। यसको कार्यान्वयन चरणमा समय सापेक्ष सुधार वा अद्यावधिक गर्नु पर्ने आवश्यकता रहने नै छ। यसले वन क्षेत्रको संरक्षण, विकास र दिगो व्यवस्थापनका लागि निर्दिष्ठ ढाँचा र मार्गदर्शन प्रदान गर्दछ।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

## खण्ड २

## वन क्षेत्रको रणनीतिक योजना तर्जुमा प्रक्रिया

गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना तयार गर्दा निम्न अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएका छन्:

- वन क्षेत्रसंग सम्वन्धित प्रकाशित लेख, ऐन, नियम, नीति तथा रणनीति एवं कार्ययोजनाहरुको समीक्षा गरिएको,
- गण्डकी प्रदेशमा रहेका ११ जिल्लालाई चार समूहमा विभाजन गरी कास्की, लमजुङ, तनहुँ र म्याग्दी जिल्लामा वनसँग सम्बन्धित सरोकारवालाहरुसँग कार्यशाला गोष्ठी गरी रणनीति तयारीका प्रक्रिया र यसले समेट्नु पर्ने विषयका सम्बन्धमा राय सुझाव संकलन गरेको,
- स्थलगत भ्रमणको क्रममा प्रतिनिधिमूलक वन क्षेत्रको स्थलगत निरीक्षण र समुदायहरुसँग अन्तरक्रिया गरी वनको अवस्था र उपभोक्ताहरुको चाहना, समस्या र समाधानका उपायहरुका सम्बन्धमा राय सुझाव संकलन गरेको,
- गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समिति; प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी; वन विज्ञान अध्ययन संस्थानका पदाधिकारी, विज्ञसँग छलफल तथा अन्तरक्रिया गरी प्रदेशिक वन क्षेत्रको व्यवस्थापनका लागि नीतिगत निर्देशन, नीतिले समेट्नु पर्ने विषयमा राजनीतिक एवं विज्ञ परामर्श, राय सुझाव संकलन र विष्लेषण गरी रणनीतिक योजनाको मस्यौदा तयार गरिएको,
- सङ्घीय एवं प्रदेशिक वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, प्रदेश वन निर्देशनालय, डिभिजन वन र अन्य कार्यालयका पदाधिकारी, सरोकारवालाहरु एवं मन्त्रालयको वेवपेजमा राख्दा प्राप्त राय सुझाव समावेश गरी मन्त्रालयमा प्रस्तुती, छलफल, अन्तरक्रिया गरी प्राप्त सुझावलाई समेत समावेश गरी रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार पारिएको।

प्रदेश सचिव

खण्ड ३

# दूरदृष्टि, लक्ष्य र उद्देश्य

## ३.१ दूरदृष्टि

वन क्षेत्रको दिगो व्यवस्थापनः वातावरण सन्तुलन र समृद्धिमा योगदान।

## ३.२ लक्ष्य

वन, वनस्पति, जैविक विविधता, वन्यजन्तु र जलाधार क्षेत्रको दिगो र सहभागितामूलक व्यवस्थापन मार्फत वनजन्य वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय तथा प्रादेशिक आयमा योगदान पुर्‍याउने।

## ३.३ उद्देश्यहरु

वन क्षेत्रको रणनीतिक योजनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- वन, जैविक विविधता तथा जलाधारको संरक्षण गर्ने,
- वनको दिगो व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी वन पैदावारको सतत् आपूर्ति एवं रोजगारी सृजना गर्ने।
- वनजन्य उद्यम र पर्यापर्यटनको विकास र प्रवर्धन गर्ने।
- वातावरणीय सन्तुलन एवम् कार्बन सञ्चिति अभिवृद्धि गरी जलवायु उत्थानशील क्षमता विकास गर्ने,
- वन क्षेत्रमा सुशासन तथा समावेशीकरण कायम गरी सेवालाई प्रभावकारी तुल्याउने,
- वन क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रविधि विकास र मानव संसाधन (जनशक्ति) विकास गर्ने।

## ३.४ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्त

- वनको उत्पादन तथा उत्पादकत्व वृद्धि,
- वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन,
- सहभागितामूलक वन तथा जलाधार व्यवस्थापन,
- उद्यम र निजी क्षेत्रमैत्री वन व्यवस्थापन,
- जलवायु उत्थानशील अनुकूलित वन व्यवस्थापन,
- वातावरणीय सेवाको अभिवृद्धि,
- भू-परिधिस्तरमा एकीकृत वन व्यवस्थान,
- वनक्षेत्रको बहुआयामिक उपयोग र उत्पादनको विविधिकरण,
- लैङ्गिक तथा सामाजिक समावेशीकरण,
- सशक्त वन प्रशासन र सुशासन तथा प्रभावकारी व्यवस्थापन।
- समन्वय, सहकार्य, सहअस्तित्व र साझेदारी।

## खण्ड ४

## वन क्षेत्र व्यवस्थापन पद्धति

### ४.१ राष्ट्रिय वनको व्यवस्थापन पद्धति

प्रदेशको राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, समुदायद्वारा व्यवस्थित वन (वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, विशेष वन) र अन्तरप्रादेशिक वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ। यी वनहरु राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाईएका पद्धति हुन्। प्रदेश भित्रका राष्ट्रिय वनलाई व्यवस्थापन गर्दा व्यवस्थापन पद्धति अनुसार वन व्यवस्थापन कार्ययोजना तयार गरी तोकिएको निकायबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ। नेपाल सरकारबाट जारी भएका वन नीति, रणनीति र कानूनसँग सामञ्जस्यता हुने गरी तयार गरिएको यस रणनीतिलाई मार्गदर्शक योजनाका रुपमा लिई यसै बमोजिम वन क्षेत्रका योजना तर्जुमा गरी व्यवस्थापनका कार्य अगाडी बढाउन सकिनेछ। सबै प्रकारका वन व्यवस्थापन पद्धतिमा रहेका वन स्रोतको संरक्षण, विकास, संवर्धन, व्यवस्थापन कार्यलाई वन तथा जलाधार व्यवस्थापन योजनाद्वारा व्यवस्थित गराईनेछ। वन व्यवस्थापन योजना तर्जुमा गर्दा वनलाई संरक्षणमूलक, उत्पादनमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी व्यवस्थापकको व्यवस्थापन उद्देश्य, चाहना, आवश्यकताका आधारमा वन विज्ञानमा आधारित उपयुक्त वन संवर्धन प्रणाली (सिल्भिकल्चरल सिस्टम) अपनाइ वनको व्यवस्थापन गरिनेछ। प्रदेशको राष्ट्रिय वनको व्यवस्थापनका लागि निम्न अनुसारका व्यवस्थापन पद्धति अपनाईने छः

(क) **सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन पद्धतिः** सरकारीस्तरबाट काठ, दाउरा र अन्य वन पैदावार आपूर्तिको लागि व्यवस्थापन गरिने वन, उत्पादनशील वनलाई छुट्टै चाक्ला (ब्लक) बनको रूपमा छुट्याई वन संवर्द्धन प्रणालीमा आधारित कार्ययोजना बनाइ व्यवस्थापन गरिने वन, समुदायको पहुँच र व्यवस्थापन क्षमता भन्दा टाढा रहेका कठिन क्षेत्रमा रही समुदायद्वारा व्यवस्थापन गरिएका बाहेका वन साथै कुनै पनि व्यवस्थापन पद्धतिमा नभएको वनलाई यस व्यवस्थापन पद्धतिद्वारा व्यवस्थापन गरिनेछ।

(ख) **सामुदायिक वन व्यवस्थापन पद्धतिः** स्थानीय समुदायले परम्परादेखि भोगचलन गर्दै आएको वन; उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, क्षमता, पहुँच र समुदायले संरक्षणमा योगदान पुऱ्याउन सक्ने वन; स्थानीय समुदायले रूख विरुवा लगाई संरक्षण गरेको वन; वन ऐन तथा नियमावलीले सामुदायिक वन हुन सक्ने भनी निर्देशित गरेको राष्ट्रिय वनलाई समुदायमा हस्तान्तरण गरी यस व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गरिनेछ।

(ग) **साझेदारी वन व्यवस्थापन पद्धतिः** चक्लाको रूपमा रहेको उत्पादनशील; वनबाट टाढा रहेका परम्परागत उपभोक्ताहरूले समेत संरक्षण व्यवस्थापन तथा उपयोग गर्ने; स्थानीय तह, समुदाय र डिभिजन वन कार्यालयसँगको साझेदारीमा व्यवस्थापन हुन सक्ने अवस्थामा रहेका वनलाई यस व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गरिनेछ।

प्रदेश सचिव

(घ) **कबुलियती वन व्यवस्थापन पद्धतिः** बीस प्रतिशतभन्दा कम छत्र घनत्व (क्राउन कभरेज) भएको वनलाई सम्झौता गरी निश्चित अवधि तोकी आर्थिक उपार्जनका वन क्षेत्र उपलब्ध गराईएको वन; सम्झौतामा तोकिएका शर्त बमोजिमका कार्य गरी व्यवसायिक प्रयोजनका लागि निजी तथा संगठित संस्थालाई उपलब्ध गराएको वन र गरिबीको रेखामुनि रहेका जनतालाई गरिबी न्यूनीकरण लक्षित आयआर्जन हुने कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी उपलब्ध गराईने वनलाई यस पद्धति बमोजिम वनको व्यवस्थापन गरिनेछ।

(ङ) **धार्मिक वन व्यवस्थापन पद्धतिः** परापूर्वकालदेखि धार्मिकस्थल र त्यसको वरिपरिको वनको संरक्षणका लागि धार्मिक संस्था/समुदायलाई उपलब्ध गराइने वनलाई यस वन व्यवस्थापन पद्धति बमोजिम व्यवस्थापन गरिनेछ।

(च) **वन संरक्षण क्षेत्र व्यवस्थापन पद्धतिः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण; वातावरणीय, परिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्त्व बोकेको, जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएको; संरक्षित क्षेत्र बाहिर दुर्लभ, लोपोन्मुख तथा संरक्षित वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको र दुर्लभ तथा लोपोन्मुख वनस्पतिको वासस्थान रहेको वनलाई सरकारले घोषणा गरे बमोजिम यस व्यवस्थापन पद्धति बमोजिम व्यवस्थापन गरिनेछ।

(छ) **विशेष वन क्षेत्र व्यवस्थापन पद्धतिः** वातावरणीय तथा पारिस्थितिकीय महत्वको; ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्त्वको; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वको सिमसार सहितको पानीमुहान तथा संवेदनशील जलाधार; दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्न आवश्यक रहेको; पर्यापर्यटकीय महत्त्वको; परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भएको; अध्ययन र अनुसन्धानका लागि महत्त्वको र संवेदनशील जैविक मार्ग रहेको वन क्षेत्रलाई घोषण भए बमोजिम यस व्यवस्थापन पद्धित अनुसार व्यवस्थापन गरिनेछ।

(ज) **अन्तरप्रादेशिक वन व्यवस्थापन पद्धतिः** दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको राष्ट्रिय वन; भौगोलिक र प्राकृतिक रूपले जोडिएका दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको वनक्षेत्र; वन संरक्षण क्षेत्रले समेटेको दुई वा दुईभन्दा बढी प्रदेशमा फैलिएको वन; अन्तरप्रादेशिक सिमानामा पाँच कि.मि. को बफर बनाई सो बफर भित्र पर्ने वनक्षेत्र; पाँच किलोमिटरको बफरको सीमाभित्र वनक्षेत्रलाई विभाजन गर्ने प्राकृतिक सिमाना जस्तै नदी, खोला, खोल्सी, चुचुरो आदि भएमा सो प्राकृतिक सिमानासम्मको वनक्षेत्र; वनक्षेत्रको फैलावटमा निरन्तरता रहेको र सो वनक्षेत्र परिस्थितिकीय हिसाबले महत्त्वपूर्ण रहेमा बफरको सीमा नजिकको प्राकृतिक सिमाना जस्तै नदी, खोला, खोल्सी, चुचुरो आदि सम्म घटाउन वा बढाउन सकिने वन क्षेत्रलाई (क) देखि (ङ) सम्मको व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गरिनेछ। प्रचलित राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना अनुसार गण्डकी प्रदेशमा रहेको अन्तरप्रादेशिक वनको विवरण अनुसूची ४ मा र नक्शा अनुसूची ५ मा राखिएको छ।

(झ) **वन्यजन्तु उद्धार व्यवस्थापन पद्धतिः** वन क्षेत्र र वन क्षेत्र बाहिर पाईएका घाईते, असहाय, अशक्त, टुहुरा, समस्याग्रस्त वन्यजन्तुको उद्धार, संरक्षण, उपचार, भरणपोषणका साथै प्राकृतिक वासस्थानमा पुनर्स्थापिना गरी मानव वन्यजन्तु सहअस्तित्व कायम गर्न तोकिएको स्थल/केन्द्र सहितको वन क्षेत्रलाई यस पद्धति अपनाई व्यवस्थापन गरिनेछ।

## ४.२ अन्य वन व्यवस्थापन पद्धति

उल्लेखित वन व्यवस्थापन पद्धति बाहेक प्रदेशका राष्ट्रिय वनमा रहेको विशेष भू-दृष्य, वातावरणीय, पारिस्थिकीय र प्रजातिय विशेषता; ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्व; जलाधारको पानी चक्र र जलिय पुनर्भरणको महत्वलाई आधार मानी नेपाल सरकारबाट संरक्षित क्षेत्र, जलाधार र वातावरण संरक्षण क्षेत्र र उद्यान समेत घोषणा गरी नेपाल सरकारका निकायबाट राष्ट्रिय वनका तोकिएका क्षेत्रहरु देहायको व्यवस्थापन पद्धति अनुसार व्यवस्थान हुनेछ।

प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृष्यको संरक्षण, संवर्धन, विकास, व्यवस्थापन र उपयोगको लागि घोषणा गरिएको चितवन राष्ट्रिय निकुञ्ज र स्थानीय जनतालाई नियमित रुपले वन पैदावार समेत उपयोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि निकुञ्जको वरिपरीको मध्यवर्ति क्षेत्र, पर्यटकलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याएको ढोरपाटन शिकार आरक्ष र स्वस्थानीय संरक्षण मार्फत जैविक विविधताको दिगो संरक्षणको लागि छुट्याएको भानुभक्त प्राणी उद्यान राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मातहतका कार्यालयहरुबाट व्यवस्थापन गरिंदै आएको छ। त्यस्तै, प्राकृतिक वातावरणको एकीकृत संरक्षण, विकास र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गर्न स्थापना गरेका क्षेत्र नेपाल सरकारको निर्णय बमोजिम प्रकृति संरक्षण कोषबाट व्यवस्थापन भईरहेको छ।

जलाधार क्षेत्रबाट हुने भू-क्षय रोकी तालमा थुप्रिन आउने थेग्रान कम गरी प्रदुषण घटाई फेवा तालको आयु लम्व्याउने, ताल र यसको वरिपरीको पर्यावरण सन्तुलन र पर्यटनको दीगो विकास प्रवर्धन गर्नुका साथै ताल क्षेत्रमा हुने अतिक्रमण रोक्ने उद्देश्यले घोषणा गरिएको फेवा जलाधार क्षेत्र; जलीय पारिस्थितिकी मूल्य, जैविक विविधता, अन्तराष्ट्रिय संकटापन्न पंक्षी र माछा प्रजातिहरूको संरक्षण र स्थानीय समुदायलाई तालको व्यवस्थापनबाट आयआर्जनमा सहयोग गर्ने ध्येयले तोकिएका सिमसार क्षेत्र वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय तहको समन्वयमा व्यवस्थापन भईरहेको छ। त्यस्तै स्थानीय जैविक विविधताको संरक्षण, अनुसन्धानलाई प्रवर्द्धन गर्दै वातावरणमैत्री पर्यटन मार्फत स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्‍याउन स्थापना गरिएको विश्व शान्ति जैविक विविधता उद्यान वनस्पति विभागबाट व्यवस्थापन भईरहेको छ।

प्रदेश सचिव

## खण्ड ५
## रणनीतिक योजनाका क्षेत्रहरु

यस वन क्षेत्रको रणनीतिक योजनाको उद्धेश्यहरु परिपूर्तिको लागि पाँचवटा विषयगत क्षेत्र र पाँचवटा अन्तरविषयगत क्षेत्र अनुसार विषयगत र अन्तरविषयगत रणनीतिहरु तय गरिएका छन्।

### ५.१ विषयगत क्षेत्र

#### ५.१.१ दिगो वन व्यवस्थापन

यस विषयगत क्षेत्र अन्तर्गत "**वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन र वन पैदावारको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्ने**" रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

**(क) वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन**

१. वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वन क्षेत्रको भिरालोपना र स्थानीय समुदायको वन पैदावारको आवश्यकता विश्लेषण गरी प्रचलित राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनामा उल्लेखित वन संवर्धन प्रणाली (सिल्भिकल्चरल सिस्टम) निर्धारण गर्ने।

२. वनको बृद्धि मौज्दात र तिनीहरुको सम्बन्धित बार्षिक वृद्धिको आधारमा वनको उत्पादन र उत्पादकत्वलाई स्थायी रूपमा सुनिश्चित गर्ने उत्पादन नियमन (यिल्ड रेगुलेशन) गर्ने गरी वनको व्यवस्थापन गर्ने,

३. समुदायमा आधारित वनमा वन व्यवस्थापन गर्दा वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वन क्षेत्रको भिरालोपना र स्थानीय समुदायको परम्परागत ज्ञान, आदिवासी जनजातिका प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन संवर्धन प्रणाली अपनाउने,

४. नदी, खोला किनारबाट ३० मिटरसम्मको क्षेत्र, पानीका मुहान, ताल तथा पहिरो वरिपरिको क्षेत्र, संरक्षित वन्यजन्तुको वासस्थान, चुरे क्षेत्र तथा जैविक मार्गलाई कार्ययोजना भित्र संरक्षण क्षेत्रको रूपमा व्यवस्थित गरी उक्त क्षेत्रबाट ढलेका, मरेका र सुकेका रूखमात्र कटान गर्ने।

५. बढी भिरालो वा चट्टनी जमिनमा बूढा तथा ठूलो भार भएका रूखहरूको बाहुल्यता हुँदा एकीकृत भार (कुमुलेटिभ वेटेज) धेरै हुन गई भू-क्षय हुने जोखिम भएकाले त्यस्ता स्थानमा प्राविधिक मूल्यांकनका आधारमा भारजन्य रूखहरू हटाई झाडी बुट्यानको तह (भिजिटेटिभ कभर) मात्र कायम राख्ने।

६. वन व्यवस्थापनको लागि आवश्यक जानकारी प्राप्त गर्न कृतिम बौद्धिकता (आर्टीफिसियल इन्टेलिजेन्स) उपयोग गर्ने,

प्रदेश सचिव

७. समयानुकूल वनको स्वास्थ्य निगरानी मुल्याङ्कन (फरेष्ट हेल्थ मोनिटरिङ) र रोकथाम गर्ने प्राणाली तथा सामर्थ्य विकास गर्ने,

८. वन व्यस्थापनका क्रियाकलापहरु (सिल्भिकलचरल अपरेसन, उत्पादन नियमन, कटान मुछान, संकलन, ओसारपसार, सिजनिङ जस्ता) गर्दा अत्याधुनिक औजारहरुको प्रयोगलाई बढावा दिने र कटान तथा मुछान पद्धतिमा सुधार गरी कटान गर्दा हुने काठको क्षतिलाई कम गर्ने,

९. प्रदेशको उच्च पहाडी तथा हिमाली भेगमा रहेका चरण क्षेत्र एवं खर्कहरुमा दिगो चरण र जडीबुटी व्यवस्थापन गर्ने।

१०. वन डढेलो, वन अतिक्रमण, चोरी कटानी तथा मिचाहा प्रजाति नियन्त्रणको व्यवस्था कार्ययोजनामा समावेश गर्ने बार्षिक रुपमा अभियान चलाउने।

**(ख) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन**

१. सरकारद्धारा व्यवस्थित वनको नक्सांकन, प्रमुख प्रजाति सहित वनको बृद्धि मौज्दात र अवस्था समेत खुल्ने गरी वन स्रोतको सर्वेक्षण गरी प्रादेशिक तथ्याङ्क अद्यावधिक गर्न सङ्घीय सरकारमा समन्वय एवं अनुरोध गर्ने।

२. सरकारद्धारा व्यवस्थित वनको महत्वपूर्ण र रणनीतिक स्थानमा सम्भव भएसम्म सिमाङ्कन तथा तारबार गर्ने,

३. सरकारद्धारा व्यवस्थित वनमा उपयुक्त वन सम्वर्धन प्रणालीमा आधारित व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने,

४. सरकारद्धारा व्यवस्थित वनलाई उपयुक्तता र मागको आधारमा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा परिणत गर्ने,

५. तन्तु संवर्धन (टिस्यु कल्चर) प्रविधि मार्फत उच्च आनुवंशिक गुण (सुपेरियर जेनोटाइप) भएका बिरुवा उत्पादन गर्ने,

६. जलवायु उत्थानशील र स्थानीय हावापानी एवं परिस्थितिकिय अनुरुप रुख विरुवाको वृक्षारोपण गर्ने,

७. आर्थिक रुपमा उच्च सम्भावना युक्त र माग हुने मुख्य प्रजातिहरुको बीउ बगैंचा निर्माण, विकास र विस्तार गर्ने,

८. वन प्राविधिक र सरोकारवालाहरुलाई वन व्यवस्थापन विषयमा क्षमता अभिवृद्धि गर्ने।

**(ग) समुदायमा आधारित वनको व्यवस्थापन**

१. स्थानीय समुदायको चाहना र व्यवस्थापन क्षमता अनुसार समुदायलाई पायक पर्ने राष्ट्रिय वन क्षेत्रलाई समुदायमा हस्तान्तरण गरी समावेशी एवं सहभागितामूलक वन व्यवस्थापनको आधारमा व्यवस्थापन गर्ने,

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

२. समुदायमा आधारित वनलाई संरक्षणमूलक, उत्पादनमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी समूहको निर्णयको आधारमा समतामूलक शासनमा रही प्राथमिकतासाथ उपयुक्त वन सम्वर्धन प्रणाली अपनाई व्यवस्थापन गर्ने,

३. स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र प्रथाजनित अभ्यासको सम्मान र प्रयोगका साथै आदिवासी जानजाती तथा स्थानीय समुदायको समानुपातिक सहभागिताको सुनिश्चितता गर्ने,

४. छत्र घनत्व वीस प्रतिशत भन्दा कम भएको राष्ट्रिय वन क्षेत्रलाई वन उद्यम विकास मार्फत रोजगारी सृजना गर्न व्यवसायिक कवुलियती वन हस्तान्तरण गर्ने कार्यमा सङ्घीय सरकारलाई सहजीकरण गर्ने,

५. विपन्नमुखी कवुलियती वनको संरक्षण र विकास मार्फत लक्षित समूहको जीविकोपार्जनमा सहयोग पुग्ने आयआर्जन लक्षित स्थान विशेष उच्च मूल्यका फलफूल तथा जडीबुटी खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरी समूहलाई प्रोत्साहन गर्ने,

६. वनक्षेत्रमा रहेका पहाडी एवं उच्च हिमाली क्षेत्रका खर्क तथा चरण क्षेत्रलाई घुम्ती चरिचरण प्रणालीमा आधारित व्यवस्थापन योजना बनाइ समुदाय मार्फत व्यवस्थापन गर्ने,

७. समुदायद्वारा व्यवस्थित वनको कार्ययोजना म्याद सकिनु अघि नै नवीकरण गरी वन व्यवस्थापन कार्यलाई निरन्तरता दिने,

८. उपभोक्ता समूहको वन पैदावारको आवश्यकता पुराभई बढी भएका वन पैदावार बिक्री वितरणको लागि सरल र पारदर्शी प्रकृयाको विकास र अवलम्बन गर्ने,

९. वनक्षेत्रको बहुआयामिक उपयोगको सम्भावनाबारे सरोकारवाला निकाय, समुदाय एवं विज्ञ वीच समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने,

१०. कम क्षेत्रफल भएका सामुदायिक वनलाई समूहहरुको निर्णयको आधारमा क्लष्टरमा वा एकिकरण गरी वन सम्वर्धन प्रणाली लागू गरी सामुदायिक वनको व्यवस्थापन गर्ने,

११. वन समूहलाई व्यवस्थित र सुदृढ बनाउन उपभोक्ता समूह परिचालन, पारदर्शी अभिलेख व्यवस्थापन, वन व्यवस्थापन विषयमा क्षमता अभिबृद्धि, कार्यशाला गोष्ठी, भ्रमण तथा प्रशिक्षणका क्रियाकलापहरु सञ्चालन गर्ने।

१२. उपभोक्ता समूहलाई वन स्रोत सर्वेक्षण र वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनमा दक्ष बनाउने।

**(घ) जडीबुटी र गैहृकाष्ठ वन पैदावार आंकलन, व्यवस्थापन, खेती विस्तार र व्यसायिकरण**

१. प्रदेशका महत्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पहिचान गरी वनस्पति प्रजातिहरुको सूची तयार गरी र श्रोत सर्वेक्षण गर्ने,

२. विभिन्न पारिस्थितिक क्षेत्रहरूमा पाईने प्रजातिहरूको वितरण (डिस्ट्रिव्युसन) र प्रचुरता (एवियुन्डेन्स) को आधारमा विस्तृत नक्साहरू तयार गर्ने,

प्रदेश सचिव

३. सबै वन व्यवस्थापन योजनामा उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारका व्यवस्थापनको विषय समावेश गरी "जडीबुटी पकेट क्षेत्र" पहिचान गरी स्थापना गर्ने,

४. उच्चमूल्य र संरक्षणको हिसाबले महत्त्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षणका निम्ति प्रजाति विशेष स्रोत सर्वेक्षण मापदण्ड तयार गर्ने,

५. व्यवसायिक दृष्टिकोणले उच्चमूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रजातिहरुको सूची, चिनारी, खेति प्रविधि, खेती विस्तार, संकलन, भण्डारण, उपयोग र बजारको विवरण बारे सरल भाषामा पुस्तिका तयार गरी प्रकाशित गरी प्रचार प्रसार गर्ने,

६. खेती नगरी छाडीएको जमिन, कृषिको लागि अनुपयुक्त ठहरिएको सीमान्त भूमि, खरवारी, पाखा र भिराला क्जग्गामा स्थानीय वातावरण सुहाउँदो जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको व्यावसायिक खेतीलाई प्रोत्साहित गर्न समुदायलाई प्रोत्साहित गर्ने,

७. कृषियोग्य जमिनमा कृषिबालीको साथै अन्तर एवं बहुतले जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई प्रोत्साहित गर्ने,

८. उच्चमूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रजातिको खेती विस्तार गर्न माग अनुसार गुणस्तरीय बीउ, विरुवा र अन्य आवश्यक सामग्रीहरु सरल र सहज उपलब्ध गराउन सहुलित र सहायता दिने,

९. उच्च मूल्यका जडीबुटी तथा वन पैदावारहरूको दिगो सङ्कलन सुनिश्चित गर्न प्रजातिगत विशेष सङ्कलन मापदण्ड तयार गरी लागू गर्ने,

१०. सबै पद्धतिको वन कार्ययोजनामा वनभित्रका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण र व्यवस्थापनको विषय समावेश गरी लक्षित वर्गलाई प्राथमिकता दिने।

११. प्राकृतिक रुपमा पाइने महत्वपूर्ण लोपोन्मूख जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको नमूना प्रदर्शनी प्लट स्थापना गर्री कार्यक्रम सञ्चालन गर्न वनस्पति विभागसँग समन्वय गर्ने,

१२. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारलाई प्रशोधन तथा मूल्य अभिबृद्धि गरी बिक्री वितरण गर्ने, विदेश निकासी गर्ने उद्योग स्थापना सञ्चालनमा प्रोत्साहन गर्ने,

१३. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तार, सङ्कलन, उत्पादन, प्रशोधान एवं बजार प्रवर्धनमा आवद्ध उद्यमीहरुलाई प्रोत्साहन सहुलियत उपलब्ध गराउने,

१४. प्रदेशमा उपलब्ध जडीबुटीहरूको वैज्ञानिक एवं सुरक्षित ढंगले भण्डारण (स्टोरेज), प्रशोधन (प्रोसेसिङ), सम्बेष्टन (प्याकेजिङ) र सारतत्व निकाल्ने (एक्ट्राक्सन) जस्ता कार्यहरू गरी मूल्य अभिवृद्धि गर्ने।

१५. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको राजश्व तथा गैह्रकरमा सामयिक परिवर्तन र सुधार गर्न संघसँग समन्वय र सहजीकरण गर्ने,

१६. डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग कार्यालय र निजी वन उद्यमी बीचको समन्वय र सहकार्यमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार खेती प्रवर्धन र उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

१७. व्यवसायिक खेतीको लागि प्राथमिकता प्राप्त जडीबुटी तथा गैहकाष्ठ वन पैदावारको बजार सुनिश्चित गर्न उद्योगी, सिंहदरवार वैद्यखाना, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी, वनस्पति विभाग, आयुर्वेद विश्वविद्यालय लगायतका निकायसँग समन्वय गर्ने,

१८. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रदेशिक तथ्याङ्क (डाटाबेश) तयार गरी नियमित प्रकाशन गर्ने।

(ङ) वन पैदावारको उत्पादन, माग र आपूर्ति

१. सबै वन क्षेत्रबाट वन व्यवस्थापन योजनाले तोकेको परिमाणमा काठ, दाउरा, जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको नियमित रुपमा उत्पादन गर्ने,

२. काठ, दाउरा एवं अन्य वन पैदावारको उत्पादन गर्दा बजार अध्ययन गरी मागको प्रकृति, साईज र परिमाणमा लक्षित उत्पादनलाई प्राथमिकता दिने,

३. वनजन्य सबै उत्पादनलाई बिक्री वितरण गर्नु अगावै घटगद्दी (लगयार्ड) मा सेड बनाई वा अन्य सुरक्षित स्थानमा राखी विग्रन निदिने प्रबन्ध मिलाउने,

४. सवै वन व्यवस्थापन योजनामा तोकिएको बार्षिक स्वीकार्य कटान (एन्युएल एलायवल हार्वेष्ट) गर्ने रुखहरु खडा वा ढला अवस्थामा नै लिलाम एवं बिक्री वितरणको सरल व्यवस्था मिलाउने,

५. प्राकृतिक प्रकोपका कारण ढलेका र जोखिमयुक्त रूखहरूलाई यथासक्य छिटो संकलन गर्ने,

६. वनका उत्पादन काष्ठ, काष्ठजन्य सामग्री, गैरकाष्ठ वन पैदावार, सुगन्धित तेल, औद्योगिक शेषांश (रेसिड्युअल), जडीबुटी आदिलाई सूचीकृत गरी सबै वनजन्य बस्तु तथा पदार्थको अनिवार्य विद्युतीय अभिलेख अध्यावधिक राखी उपलब्ध गराउन आवश्यक कानुनी तथा प्राविधिक व्यवस्था गर्ने,

७. काठजन्य वन पैदावारको बिक्री वितरणमा जिल्ला वन पैदावार आपूर्ति समितिको भूमिकालाई सक्षम, सबल र विस्तार गरी काठजन्य वन पैदावारको उपलब्धता सरलिकृत गरी सहज बनाउने,

८. वन पैदावारको बिक्री वितरणमा विद्युतीय प्रणाली (e-Tender) क्रमशः लागू गर्ने,

९. वन तथा वन पैदावार मापनको मापदण्ड सहितको संहिता जारी गरी गुणस्तर र एकरूपताको लागि सबै तहका कार्यस्थलमा खटिने प्राविधिकलाई मापनका सामग्री उपलब्ध गराउने,

१०. वार्षिक रूपमा माग र आपूर्तिको तथ्यांक अद्यावधिक गर्ने सफ्टवेयर प्रणालीको विका गरी सञ्चालनमा ल्याउने,

११. सबै प्रकारका वन व्यवस्थापन प्रणालीमा लागू हुने गरी वन पैदावार सङ्कलन, ओसारपसार, घाटगद्दी, बिक्री वितरणको निर्देशिका जारी गरी कार्यान्वयन गर्ने गराउने,

१२. स्थानीय समुदायको काठ, दाउरा तथा कृषि औजारलगायत दैनिक आवश्यकताका वन पैदावारको आपूर्तिलाई सरल, सुलभ र सहज बनाउने।



प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

१३. जडीबुटी एवं सगन्धित वनस्पतिको बिक्री वितरणमा सम्भव भए सम्म प्रसोधन तथा मूल्य अभिबृद्धि गरी बिक्री वितरण तथा विदेश निकाशी गर्न सहुलियत दिइ प्रोत्साहन गर्ने,

१४. भौतिक पूर्वाधार विकासको लागि राष्ट्रिय वनक्षेत्र उपलब्ध वन क्षेत्रमा रहेका खड़ा रूख लिलाम बिक्री गर्न कानुनी व्यवस्था मिलाउने,

१५. वन व्यवस्थापन योजना बमोजिम हटाउने नरम वा कडा काठ हुने रूखहरू खड़ा रूख नै बिक्री गर्न सकिने व्यवस्था मिलाउन आवश्यक कानुनी गर्ने,

१६. वन व्यवस्थापकले काठ दाउरा बिक्री वितरण गर्दा अनिवार्य रुपमा नरम र कडा काठ प्रजातिका रुखहरु उत्पादनको अनुपातमा मिलाएर लट बनाई बिक्री वितरणको व्यवस्था मिलाउने।

१७. दुर्गम तथा पहाडी वनक्षेत्रमा हावाहुरी वा प्राकृतिक प्रकोपका कारण ठूलो संख्यामा ढलेका रूखहरू वनक्षेत्रबाटै यथा अवस्थामानै बिक्री वितरण गर्ने कानुनी व्यवस्था मिलाउने।

(च) खर्क एवं चरण क्षेत्र व्यवस्थापन

१. हिमाली क्षेत्रमा परम्परागत तथा प्रथाजनित अभ्यासको रुपमा चलिरहेको गोठ तथा घुमन्ते चरीचरनलाई वन कार्ययोजनामा समावेश गरी व्यवस्थापन गर्ने,

२. खर्क र चरन क्षेत्र स्थानीय तह, समुदाय र चरण उपभोक्ताको समन्वय र साझेदारीमा व्यवस्थापन गर्ने,

३. खर्क र चरण क्षेत्रको व्यवस्थापन योजनामा घुम्ती चरीचरण (रोटेसनल ग्रेजिङ) र मिश्रित पशुपालन प्रणालीको व्यवस्था समावेश गरी व्यवस्थित गर्ने,

४. छाडा पशुहरु वनमा छाड्दा पर्ने वातावरणीय असर र प्रभावबारे स्थानीय तह, समुदाय र गोठालाहरुलाई सुसूचित गराउने सचेतनाका कार्यक्रम संचालन गर्ने,

५. खर्क तथा चरण क्षेत्रमा पाइने जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको सर्वेक्षण गरी दिगो रुपमा संकलन गर्ने व्यवस्था खर्क तथा चरन क्षेत्र व्यवस्थापन योजनामा समावेश गर्ने,

६. खर्क तथा चरनक्षेत्रबाट दिगो पशुआहारा उत्पादन र स्वस्थ चरनक्षेत्र सुनिश्चित गर्न रैथाने घाँसको विउ छरी पुनर्स्थापनाका कार्यक्रम संचालन गर्ने,

## ५.१.२ वन, वन्यजन्तु र जैविक विविधता संरक्षण र व्यवस्थापन

यस विषयगत क्षेत्र अन्तर्गत "**प्रदेशको वन, वनस्पति वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने**" रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(क) वन अतिक्रमण, नियन्त्रण र पुनर्स्थापना

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

१. अतिक्रमणको जोखिममा रहेका तथा अतिक्रमित वन क्षेत्रको पहिचान, नक्साङ्कन अभिलेखिकरण गर्ने,

२. वनक्षेत्रको सिमाना एकिन गर्न आवश्यकता अनुसार नापी कार्यालयको आधिकारीक नक्सा, समयक्रमका एरियल फोटोग्राफ, सेटलाइट इमेज तथा डिजिटल तथ्याँङ्कको उपयोग गर्ने,

३. वनको सघन व्यवस्थापन मार्फत रोजगारीको अवसर सिर्जना गरी वन अतिक्रमणको चाप कम गर्ने,

४. समुदायमा आधारीत वन व्यवस्थापन योजनाहरुमा अतिक्रमण नियन्त्रण तथा पुनर्स्थापनाको योजना समावेश गरी कार्यान्वयन गर्ने,

५. राजनीतिक अस्थिरता, आन्दोलन, वाढी पहिरो डुवान र आवधिक निर्वाचनको समयमा वनक्षेत्र अतिक्रमण हुन नदिन वन सुरक्षा गस्ती वढाउने,

६. वन अतिक्रमण स्थानीय समुदाय, जिल्ला वन अतिक्रमण नियन्त्र समिति र जिल्ला वन सुरक्षा समिति समन्वय र सहकार्यमा तत्काल हटाई पुनर्स्थापना गर्ने,

७. वन क्षेत्रमा अतिक्रमण गरी वसेका अतिक्रमणकारीहरुलाई विद्युत, खानेपानी, वाटो, सिँचाइ, टेलिफोन, इन्टरनेट जस्ता आधारभूत सुविधाहरु सम्वन्धित निकायहरुले उपलव्ध नगराउने,

८. पुराना अतिक्रमण सुरक्षा निकाय, राजनीतिक दल तथा स्थानीय समुदायसँगको समन्वय र सहकार्यमा हटाउने,

९. लामो समयदेखि वन क्षेत्र अतिक्रमण गरी वसेका व्यक्तिहरुलाई वन क्षेत्र वाहेकका जग्गामा वैकल्पिक बसोबासको प्रवन्ध मिलाउन संघिय सरकारसँग अनुरोध गर्ने,

१०. निजी जग्गा र राष्ट्रिय वनबीचको सिमाना कित्ता नापी सर्वेवाट छुट्ट्याउने प्रवन्ध मिलाउन संघिय वन तथा वातावरण मन्त्रालय तथा भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग अभिलेख अद्यावधिक गर्नको लागि अनुरोध, समन्वय र सहकार्य गर्ने,

११. वन अतिक्रमण सम्वन्धमा सर्वसाधारण जनतालाइ लक्षित गरी सचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने,

१२. वन अतिक्रमण नियन्त्रणका लागि आवश्यक साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने।

(ख) चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण

१. समुदायमा आधारीत वन समूहले वन व्यवस्थापन कार्ययोजना वमोजिम वन पैदावार संकलन गरी उपभोक्ता सदस्यलाई पारदर्शि रुपमा प्राथमिकता दिई वितरण गर्ने,

२. समुदायमा आधारीत वन व्यवस्थापन कार्ययोजनामा चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणको व्यवस्था राखि कार्यान्वयन गर्ने,

३. स्थानीयस्तरमा वन पैदावारको चोरी कटानी तथा चोरी शिकार नियन्त्रणसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

४. डिभिजन वन कार्यालयको रणनीतिक योजना सहीतको आवधिक योजनामा चोरी शिकार तथा गैरकानुनी व्यापार नियन्त्रण योजना समावेश गरी कार्यान्वयन गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

५. चोरी शिकार हुन सक्ने संभावित वनक्षेत्र तथा नाकाहरूको पहिचान र नक्साङ्कन गरी नियन्त्रणको लागि सुराकी परिचालन, आकस्मिक अपरेसन सुरक्षा निकायसँगको समन्वयमा संचालन गर्ने,

६. अवैध चोरी कटानी/चोरी शिकारीवाट वनक्षेत्रको सुरक्षा चुस्त दुरुस्त राख्न सशस्त्र वन रक्षक परिचालन गर्ने प्रवन्ध मिलाउन संघिय सरकार सँग समन्वय गर्ने,

७. प्रदेश स्तरको वन्यजन्तु उद्धार केन्द्रलाइ पूर्वाधार सम्पन्न वनाई वन्यजन्तु उद्धार प्रमावकारी वनाउने,

८. वन अपराधको सूचना प्राप्त गर्न मोबाइल एप, ड्रोन, दुर संवेदनशिल र भू- सूचना प्रणाली जस्ता आधुनिक प्रविधिबाट वन क्षेत्रको अनुगमन गर्ने व्यवस्था मिलाउने,

९. समुदायमा आधारीत वन समूहहरुले क्लष्टरस्तरमा चोरी कटानी/शिकारी प्रतिरोध इकाइ गठन गरी परिचालन गर्ने,

१०. डिभिजन वन कार्यालयहरुले चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणको लागि सूचनाको आधारमा परिचालित हुन, सूचनाको आदानप्रदान र रिपोर्टिङ्ग, द्रुत रेस्पोन्स गर्न जिल्लास्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईलाई परिचालन गर्ने,

११. व्यवसायिक रुपमा वन्यजन्तु पालन गरी रोजगारी सिर्जना गर्ने उद्योगलाई उद्योग दर्ता तथा अनुमति प्रकृयालाई सरलीकृत गर्ने,

१२. वन अपराध नियन्त्रणमा खटिने वन तथा सुरक्षा निकायका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने,

१३. डिभिजन र सब-डिभिजन वन कार्यालयहरूको पूर्वाधार सुधार गरी स्रोत साधनसम्पन्न वनाउने,

(ग) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

१. आधुनिक प्रविधि समेतको प्रयोग गरी डिभिजनस्तरको वन डढेलो जोखिम क्षेत्रको नक्साङ्कन गर्ने,

२. वन व्यवस्थापकले समुदाय, विद्यालय, सूरक्षा निकाय, वनक्षेत्रमा कार्यरत कर्मचारीहरुको वन डढेलो रोकथाम र नियन्त्रणबारे सचेतना जगाउन गोष्ठी, अन्तर्क्रिया, अभियान, संरक्षण शिक्षा कार्यक्रमहरु र स्थलगत अभ्यासहरु संचालन गर्ने,

३. वन क्षेत्र धेरै रहेका स्थानहरु व्यवस्थापकले वन पथ तथा अग्निरेखा निर्माण र सरसफाई कार्यक्रम वन व्यवस्थापन योजनामा समावेश गरी गर्ने,

४. वन व्यवस्थापकले वन भित्र सालवसाली जम्मा हुने स्ल्यास मेटेरियल्स/अन्डरग्रोथको व्यवस्थापन गरी जल्ने पदार्थ (फ्युललोड) घटाउने र वन डढेलोको जोखिम कम गर्न नियन्त्रित डढेलोका क्रियाकलापहरु संचालन गर्ने,

५. वन क्षेत्रमा रहेका पातपतिङ्गर र ज्वलनशील पदार्थहरूवाट कम्पोष्ट मल, वायो व्रिक्ट र पेलेट, बायोचार आदि वस्तुहरु तयार गर्न अनुदान दिने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
निमित्त प्रमुख सचिव

६. वन व्यवस्थापन योजना वमोजिम कटान कटान मुछान गरिसकेपछि प्लटमा बाँकी रहेक लप्स र टप्सहरुलाई तत्काल हटाउने,

७. वन डढेलो नियन्त्रणको लागि जिल्लास्तरमा सुरक्षा निकायको समन्वयमा द्रुत प्रतिकार्य टोली समूह क्लष्टरमा द्रुत प्रतिकार्य दस्ता वा स्वयंसेवी समूह गठन गरी परिचालन गर्ने,

८. वन डढेलो प्रतिकार्य टोलीलाई वन डढेलो नियन्त्रणको क्षमता विकास गराइ तथ्यपरक सूचना, औजार र सुरक्षा सामग्रीहरूको व्यवस्था वन व्यवस्थापकले गर्ने,

९. वन डढेलो रोकथाम र नियन्त्रण कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गर्ने,

१०. वनक्षेत्रमा निर्माण गरिएका विद्युत स्टेशन र विद्युत प्रशारण लाइनको मार्गाधिकार क्षेत्र (राईट अफ वे) विद्युत सर्ट भइ हुन सक्ने आगलागि नियन्त्रण गर्ने व्यवस्था नेपाल विद्युत प्राधिकरणले मिलाउने,

११. ड्रोन तथा अन्य प्रविधि प्रयोग गरेर वन डढेलोको सूचना प्राप्त गरी पूर्व चेतावनी प्रणाली स्थापना गर्ने,

१२. प्रदेश र जिल्लामा रहेका सूचना कक्षहरुलाई केन्द्रिय वन डढेलो नियन्त्रण कक्षसँग आवद्ध गराई वन डढेलो नियन्त्रण कार्यलाई व्यवस्थित गर्ने,

घ) मिचाहा प्रजाति र रोग किरा नियन्त्रण

१. मिचाहा प्रजातिको फैलावट तथा तिव्रताको आधारमा नक्साङ्कन गरी क्षेत्रगत रुपमा जोखिम प्राथमिकिकरण गरी अभिलेख तयार गर्ने,

२. वाह्य मिचाहा प्रजातिको आगमन तथा फैलावट रोक्न वनमा हुने चरीचरन, वन डढेलो खोरीया फडानी जस्ता कृयाकलाप नियन्त्रण गरी मिचाहा प्रजातिको आगमन र फैलावट नियन्त्रण गर्ने,

३. व्यवसायिक रुपमा स्थापना गरिएको वनमा वाह्य प्रजातिको वृक्षरोपणलाई निरुत्साहित गर्ने,

४. विदेशी रुख/बिरुवा प्रजातिहरुलाई अध्ययन अनुसन्धान पश्चात मात्र आयात गर्न दिने व्यवस्था गर्ने,

५. मिचाहा प्रजातिको फैलावट तथा तिव्रता र यसको प्रकोप न्यून गर्ने अध्ययन अनुसन्धान कार्य गर्ने,

६. संवेदनशील क्षेत्रमा मिचाहा प्रजातिका झाडी/बिरुवा जरैदखि उखेल्ने तथा फुल फुल्ने समय अगावै हटाउने,

७. वन व्यवस्थापन योजनामा मिचाहा प्रजातिको अनिवार्य पहिचान गरी हटाउने व्यवस्था गर्ने,

८. मिचाहा प्रजाति वायो-ब्रिकेट, बायोचार वा कम्पोस्टमलमा प्रयोग गर्न लक्षित समुदायलाई प्राथमिकता दिई प्रोत्साहन गर्ने,

९. संघिय सरकार, स्थानीय तह तथा गैह्रसरकारी संस्थासँग समन्वय गरी मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक श्रोत साधनको व्यवस्था गर्ने,

प्रदेश सचिव

१०. मिचाहा प्रजातिलाई प्रयोग गरी वन उद्यम गर्न चाहने उद्यमीलाई अनुदानको व्यवस्था गर्ने,

११. समयानुकूल वनको स्वास्थ्य निगरानी (फरेष्ट हेल्थ मोनिटरिङ) र रोकथाम गर्ने प्रणाली तथा सामर्थ्य विकास गर्ने,

१२. रुख विरुवाको रोगव्याधी, किरा/फट्याङ्ग्राको प्रकोपबारे अनुगमन गर्ने,

१३. साइटिस ऐनको प्रभावकारी कार्यान्वयनको लागि सम्वद्ध निकायलाइ सक्षम तथा सुदृढ गर्न समन्वय र सहजीकण गर्ने,

१४. मिचाहा प्रजाति नियन्त्रण सम्बन्धी छुट्टै प्रादेशिक रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने।

१५. सङ्घीय तथा प्रादेशिक सरकारी तथा गैरसरकारी निकाय, विश्व विद्यालय तथा प्राज्ञिक निकायहरुको सहयोग, समन्वय र सहकार्यमा मिचाहा प्रजातिको नियन्त्रण र व्यवस्थापन गर्ने।

## ङ) चरिचरण रोकथाम र नियन्त्रण

१. वन व्यवस्थापन योजनामा वन व्यवस्थापकले चरीचरण गर्ने क्षेत्र छुट्याइ घुम्ती चरीचरन कार्यान्वयन गर्ने व्यवस्था गर्ने,

२. हिमाली क्षेत्रमा रहेका परम्परागत चरण क्षेत्रहरुमा चरण क्षेत्र व्यवस्थापन समिति गठन गरी घुम्ती चरीचरणको व्यवस्थापन गर्ने।

३. संवेदनशील प्रजाति तथा भू-क्षयको जोखिम भएको क्षेत्रमा चरिचरणलाई वन्देज गर्ने,

४. वन क्षेत्रभित्र र बाहिर घाँस तथा कृषि-वन प्रणाली विस्तार मार्फत वन क्षेत्रमा चरीचरणको चाप घटाउने,

५. घरपालुवा जनावरलाई वनक्षेत्रमा चरीचरन गराउँदा पर्ने वातावरणीय प्रभावबारे स्थानीय समुदायमा सचेतना अभियान सञ्चालन गर्ने।

## च) जैविक विविधता संरक्षण र मानव-वन्यजन्तु सहअस्तित्व

१. प्रदेशका वातावरणीय तथा पारिस्थितिकीय महत्वका क्षेत्र, जैविक मार्गको पहिचान र जैविक विविधताको अभिलेखिकरण,

२. प्रदेशका अति महत्वपूर्ण जैविक मार्ग, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान र लोपोन्मुख वनस्पति क्षेत्रको पहिचान गरी विशेष वन क्षेत्रको रुपमा घोषणा गरी संरक्षण र व्यवस्थापन गर्ने,

३. आदिवासी, जनजाति तथा स्थानीय समुदायको हक अधिकारलाई सम्मान गर्दै उनीहरुको जैविक विविधता संरक्षणमा प्रथाजनित अभ्यास तथा प्रणालीलाई विशेष प्राथमिकता दिने

४. संरक्षित क्षेत्र बाहिरका क्षेत्रहरुमा अति-महत्वका जैविक विविधता क्षेत्रहरुको अन्य प्रभावकारी क्षेत्रमा आधारित जैविक विविधता संरक्षणका उपायहरु (अदर इफेक्टिभ एरिया-

प्रदेश सचिव

बेस कन्जरभेसन मिजर्स) मार्फत स्व-स्थानीय रुपमा वातावरणीय सेवा उपलब्ध हुने गरी दिर्घकालिन संरक्षण र व्यवस्थापन गर्ने,

५. वनक्षेत्रमा वन्यजन्तुको वासस्थान व्यवस्थापन, पिउने पानीको व्यवस्था, घाँसे मैदानको व्यवस्थापनका क्रियाकलापहरु वन व्यवस्थापन योजनामा समावेश गरी कार्यान्वयन गर्ने,

६. मानव वन्यजन्तु द्धन्द्ध प्रभावित क्षेत्रमा खाद्य वाली बाहेक अन्य नगदेवाली प्रवर्धन गर्न अनुदान दिने,

७. जोखिम र अति संवेदनशील स्थानहरूमा विद्युतीय तारवार, सोलार फेन्स, ट्रेन्च, पानीपोखरी जस्ता प्रविधिको प्रयोग, सुरक्षित गोठ लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,

८. वन्यन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० लाई संशोधन गरी मानवीय मृत्यू लगायतका क्षतिमा तत्काल राहत रकम उपलव्ध गराउने व्यवस्था संघले मिलाउने,

९. वन्यजन्तुबाट भएको क्षतिको राहत मुल्याङ्कन प्रकृयालाई सरलीकृत गर्न सम्वन्धित कार्यालयले सम्पर्क कर्मचारी तोक्ने,

१०. समस्याग्रस्त वन्यजन्तुहरुलाई पालन गरी पर्यापर्यटनको प्रवर्धन गर्न संघ सरकारले कानूनी व्यवस्था मिलाउने,

११. वन्यजन्तुबाट जीउधन र सम्पत्तिको क्षतिको राहतको लागि राष्ट्रिय र समुदाय स्तरमा बिमा कार्यक्रम लागू गर्ने,

१२. घाइते, टुहुरा समस्याग्रस्त वन्यजन्तुको उद्धार र अपराधको सूचना प्राप्त गरी सम्वोधन गर्न मोबाइल एप संचालन गर्ने,

१३. मानव-वन्यजन्तु द्वन्द्व घटनाको अभिलेखीकरण गरी केन्द्रियस्तरको तथ्याङ्क प्रणाली आवद्धता गर्ने व्यवस्था मिलाउने,

१४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्वन्धमा सवै सरोकारवाला निकायहरुमा सचेतना एवं क्षमता विकासका कार्यक्रम संचालन गर्ने।

**(छ) वन भित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण**

१. वन व्यवस्थापन योजनामा वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाको संरक्षणको विषय समावेश गर्ने,

२. वनक्षेत्र भित्र ऐतिहासिक र सांस्कृतिक सम्पदाको सूची निर्माण गरी प्रत्येक सम्पदाको ऐतिहासिक महत्त्व, वास्तुकला विवरण र सांस्कृतिक मूल्यहरूको अभिलेखीकरण गर्ने,

३. धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरू रहेका स्थान वरिपरीको वनक्षेत्र व्यवस्थापन गर्दा परम्परागत ज्ञानमा आधारित व्यवस्थापन पद्धतिलाई प्रोत्साहन गर्ने,

४. प्राकृतिक, धार्मिक तथा सामाजिक सम्पदाहरूको महत्त्वको बारेमा सचेतना अभिवृद्धि गर्दै वनक्षेत्रमा न्यून असर पर्ने गरी पर्यापर्यटकीय पूर्वाधारको विकास गर्ने,

५. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक कारणले महत्त्वपूर्ण राष्ट्रिय वनक्षेत्रलाई विशेष वन क्षेत्रको रूपमा घोषणा गरी व्यवस्थापन गर्ने।

प्रदेश सचिव

निमित्त प्रमुख सचिव

### ५.१.३ जलाधार क्षेत्रको एकिकृत व्यवस्थापन

यस विषयगत क्षेत्र अन्तर्गत **"प्रदेशको जलाधार क्षेत्रको दिगो व्यवस्थापन मार्फत जमिनको उत्पादकत्व बृद्धि एवं जलाधार क्षत्रेमा समुदायको उत्थानशिलता अभिबृद्धि गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

**(क) नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन**

१. प्रदेशमा रहेका मुख्य नदी, सहायक नदी र खोला रहेका जलाधारको नविनतम प्रविधि मार्फत विशेषता र जोखिम संवेदनशिलतालाई ध्यान दिई वैज्ञानिक अध्ययन गरी नदी प्रणालीको बिस्तृत हाइड्रोलोजिकल नक्शा तयार गर्ने,

२. बृहत जलाधार क्षेत्रलाई प्राकृतिक सिमानाका आधारमा सववेसिन, जलाधार, उपजलाधार तथा सुक्षम जलाधारमा वर्गिकरण गरी व्यवस्थापन योजना मार्फत व्यवस्थापन गर्ने,

३. स्थानीय आवश्यकता र सहभागितालाई अग्राधिकार दिदै अध्ययन अनुसन्धानबाट प्राप्त तथ्याङ्कमा आधारित नीति निर्माण तथा क्षमता विकासका कार्यक्रम संचालन गर्ने,

४. संघीय ऐन बमोजिम तोकिएको नदीहरुको वातावरणीय जलप्रवाह (इ-फ्लो) कायम गर्न प्रदेश सरकारले संघ र स्थानीय सरकारसँग आवश्यक कानूनी तथा संस्थागत सामञ्जस्यता, समन्वय र सहजीकरण गर्ने,

५. नदीको ढुङ्गा, गिट्टी र बालुवा संकलन तथा निकासीका लागि वातावरणीय प्रभाव मूल्याङ्कनलाई प्रतिवेदनको सर्तहरुको परिपालना गराउन व्यवस्था गर्ने,

६. नदीहरुमा हुने थिग्रिकरण लगायत अन्य पानीका गुणहरुको मापन, जलप्रदुषण मापन तथा जल स्वछ्च्ता कायम गर्नका लागि कार्यक्रमहरुको विकास तथा कार्यान्वयन गर्ने,

७. जलाधार संरक्षणमा तल्लो तटिय र उपल्लो तटिय क्षेत्रका सेवाग्राहीको अन्तर सम्बन्ध कायम राख्दै वेसिन अवधारणा अनुसार नमुना कार्यक्रम सञ्चालन गर्ने।

**ख) जलाधार क्षेत्रको वर्गिकरण तथा भू-उपयोग योजना कार्यान्वयन**

१. स्थानीयस्तरमा रहेको परम्परागत संरक्षण ज्ञान, सीप र स्रोतसमेत पहिचान गरी प्राथमिकता प्राप्त जलाधार क्षेत्रहरुको भू-उपयोग नक्सा बनाउने।

२. सुखा, खडेरी, पहिरो जोखिमयुक्त र विशेष भौगोलिक अवस्था भएका क्षेत्रको पहिचान गरी उपयुक्त भू-उपयोग योजना तयार गर्ने।

३. प्राथमिकता जलाधार क्षेत्र भित्रका नदी उकास भएको जमिन, क्षतिग्रस्त भूभाग, सार्वजनिक र निजी स्थलको पहिचान गरी उपयुक्त संरक्षणका क्रियाकलाप कार्यान्वयन गर्ने,

४. जलाधार क्षेत्रको तल्लो तटिय र उपल्लो तटिय अन्तरसम्बन्ध कायम गर्ने गरी जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयन गर्ने,

५. भौगोलिक बनावट र स्थानीय आवश्यकता अनुसार उपयुक्त प्रविधि प्रयोग गरेर खोला किनार र अन्य ठाउँमा हरियाली प्रवर्धनका कार्यक्रम संचालन गर्ने,

प्रदेश सचिव

६. प्रकृतिमा आधारित समाधान/बायोईन्जिनियरिङ प्रविधि मार्फत जलाधारको व्यवस्थापन गर्ने।

ग) तालतलैया, सिमसार क्षेत्र संरक्षण र व्यवस्थापन

१. भौगोलिक सूचना प्रणालीको प्रयोग गरी नापी कार्यालयसँगको समन्वय तथा सहयोग लिई ताल तथा सिमसारक्षेत्र सिमाङ्कन गर्ने,

२. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ताल तथा सिमसार क्षेत्रहरुको पहिचान गर्दै पर्यावरणीय, सामाजिक-साँस्कृतिक, आर्थिक तथा पर्यटकिय महत्वका आधारमा प्राथमिकीकरण गरी ताल तथा सीमसार क्षेत्रको संरक्षणका कार्यक्रमहरु संचालन गर्ने,

३. ताल तथा सिमसार क्षेत्रलाइ स्वामित्वका आधारमा संरक्षित क्षेत्रमा अवस्थित सिमसार, वन क्षेत्रमा अवस्थित सिमसार, वन क्षेत्र वाहिर अवस्थित सिमसार र निजी जग्गामा अवस्थित सिमसारको रुपमा वर्गिकरण गरी व्यवस्थापनको लागि सम्वन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

४. ताल तथा सिमसार क्षेत्रलाई संरक्षण जोखिमको आधारमा अत्यन्त जोखिम अवस्थामा रहेका ताल तथा सिमसार, लोपोन्मुख अवस्थामा रहेका ताल तथा सिमसार र लोप भएका ताल तथा सिमसारको रुपमा वर्गिकरण गरि संरक्षण तथा पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गर्ने,

५. ताल तथा सीमसार क्षेत्रको अतिक्रमण हटाइ पुनर्स्थापनाका कार्यक्रम संचालन गर्ने,

६. ताल तथा सिमसार क्षेत्रको संरक्षण, सम्वर्धन, व्यवस्थापन तथा उपयोगका सम्वन्धमा वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने तथा प्राप्त नतिजाको कार्यान्वयन गरिने,

७. प्रदेशमा रहेका रामसारमा सूचीकृत सिमसार क्षेत्रहरुलाई मुख्य सरोकारवालाद्वारा व्यवस्थापनको एकद्वार प्रणालीबाट व्वस्थापन गर्न कानूनी व्यवस्था मिलाउन संघ सरकारसंग समन्वय गर्ने,

८. संरक्षित जलाधार क्षेत्रको रुपमा घोषणा भएका ताल तथा तालको जलाधारक्षे त्रमा व्यवस्थापन योजना अनुरुपका कार्य संचालन गर्न सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

९. ताल तथा सिमसार क्षेत्रको दिगो एवं समन्वयात्मक व्यवस्थापनको लागि तीनै तहका सरकारका सम्बन्धित निकायमा ताल तथा सिमसार व्यवस्थापन विषयक शाखा/डेस्क स्थापना गर्ने

१०. ताल क्षेत्र तथा तालको जलाधार क्षेत्रको संरक्षणका लागि मापदण्ड तयार गरी लागू गर्ने र सो सम्वन्धी विवाद समाधान गर्न सम्वद्ध सरोकारवालाहरुसँग समन्वय र सहझीकरण गर्ने

११. वाह्य मिचाहा प्रजाति र अन्य हानीकारक जीवाणुहरुको नियन्त्रणका कार्यक्रम संचालन गरी ताल तथा सीमसारको पर्यावरणीय स्वच्छता कायम गर्ने।

घ) पानीको स्रोत तथा मुहानको संरक्षण

१. सुक्दै गएको, प्रदूषित वा उत्पादन कम भैरहेको पानीको मुहानको रिचार्ज क्षेत्रको पहिचान गरी वन अतिक्रमण तथा वन फडानी, अत्याधिक चरन नियन्त्रण गरी रिचार्ज पोखरी निर्माण, उपयुक्त वनस्पतिको रोपणका क्रियाकलापहरु संचालन गरी पानीको मुहान संरक्षण तथा पुनर्स्थापना गर्ने,

२. खानेपानी, सिँचाइ, जलविद्युत, पर्यटन तथा वातावरणीय सेवाहरूमा पानीको एकिकृत तथा बहु उपयोगलाई प्रोत्साहन गर्ने।

३. जलाधार क्षेत्रभित्रको कृषि, वन, चरन र आवासीय क्षेत्रलाई वातावरण मैत्री बनाउने तथा पहिरो, भू-क्षय नियन्त्रणको लागि जैविक तथा अजैविक प्रविधिहरूलाई कार्यान्वयन गर्ने।

४. स्थानीय समुदाय, लाभान्वित समूह र स्थानीय तहलाई योजना निर्माण, कार्यान्वयन र अनुगमनमा सक्रिय सहभागिता गराई जनसहभागिता सुदृढ गर्ने,

५. उद्योग, घरायसी प्रयोग तथा सहरी क्षेत्रबाट निस्कने फोहोर पानीलाई उचित प्रविधिबाट प्रशोधन गरी पुनःसिंचाइ वा अन्य उपयोगमा पुनःप्रयोग गरी नदी, तालमा हुने प्रदुषण नियन्त्रण गर्ने।

## घ) सिमसार क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि

१. दिगो, प्रभावकारी तथा किफायती भू-संरक्षणको लागि जैविक इञ्जिनियरिङ (वायोईन्जिनियरिङ) प्रविधिको उपयोग, विकास र व्यवस्थापन गर्दै भूमीको उत्पादकत्व कायम गर्ने क्रियाकलाप संचालन गर्न जोड दिने,

२. भू-उपयोग योजनाको आधारमा जमिनको उत्पादकत्व संरक्षण तथा वृद्धिका क्रियाकलाप सञ्चालन गर्ने,

३. पूर्वाधार निर्माण योजना संचालन गर्नुपूर्व प्राकृतिक जलप्रवाहको अवस्था, पूर्वाधार निर्माणले पार्ने प्रभावको बारेमा वस्तुगत अध्ययन गरी वातावरणीय अध्ययन प्रतिवेदन स्विकृति पश्चात मात्र योजना संचालन गर्नुपर्ने प्रचलित वातावरण संरक्षण कानून कडाइ साथ पालना गर्ने,

४. जलाधार क्षेत्रको भौगोलिक अवस्था र माटोको क्षमताअनुरूप कृषि वन प्रणालीलाई सुदृढ गरी उच्च मूल्यका तथा जलवायु उत्थानशिल बाली उत्पादनलाई प्रोत्साहन गर्ने।

५. ग्रामिण वस्तीमा साना पोखरी, इन्टेक, सिँचाइ कुलो जस्ता संरचना निर्माण गरी स्थानीय समुदायलाई सिँचाइको भरपर्दो सुविधा उपलब्ध गराउँने,

६. जमिनको उर्भरता दिर्घकालिन रुपमा वृद्धि गर्न गह्रा सुधार, भू-क्षय नियन्त्रणमा वायोइन्जिनियरिङ्ग प्रविधि उपयोग गर्ने प्रविधिको विकास गरि कार्यान्वयन गर्ने,

७. वन, कृषि र पशुपालनको एकीकृत प्रणाली प्रवर्द्धन गरी उत्पादन विविधीकरण गर्ने र आयआर्जनका अवसर बढाउने।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

### ५.१.४ वन उद्यम, पर्यापर्यटन विकास तथा प्रवर्धन

यस विषयगत क्षेत्र अन्तर्गत **"वन पैदावारमा आधारित उद्यम स्थापना, विकास र प्रवर्धनमा सहजीकरण गरी निजी क्षेत्रको सहभागिता बढाउन लगानी मैत्री वातावरण निर्माण गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(क) उद्यम पहिचान, विकास तथा प्रवर्धन

१. प्रदेशमा सञ्चालन भइरहेका वनजन्य उद्यमको सूचीकरण गरी तथ्याङ्क अद्यावधिक गर्ने,
२. वनक्षेत्रबाट प्राप्त हुने काष्ठ, गैह्रकाष्ठ, बायोप्रोडक्ट, जडीबुटी लगायतका वन पैदावारको व्यवस्थित सूचीकरण गर्ने,
३. उच्च मूल्यका व्यवसायिकरण गर्न सकिने प्राथमिकता प्राप्त गैह्रकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गर्ने,
४. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायिक उपयोग मार्फत पर्यापर्टनको विकास गरी व्यवसायिक रुपमा वन्यजन्तुमा आधारित उद्यम (होटल, फार्म, फोटोटुरिज्म) लाई सहजीकरण गर्ने,
५. वन क्षेत्रसँग प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सम्वन्धित जल तथा डुँङ्गा पर्यटन, हाइकिङ्ग, रक क्लाइविङ्ग जस्ता साहसिक पर्यटन र जाति/जनजातिगत परम्परागत संस्कृति र लोपोन्मुख ज्ञान स्रोतलाई सूचीकरण गर्ने,
६. उद्योग र वन क्षेत्र बीच दुरी निर्धारण मापदण्ड अनुसार स्रोत पहिचान गर्दा वातावरणीय बहन क्षमता (क्यारिङ क्यापासिटी) लाई आधार मानेर वर्गीकरण गर्न,
७. प्रदेश र संघीय स्तरका संस्थासँग सहकार्य गरी वन क्षेत्रमा नयाँ पर्यापर्यटन मार्ग, पदमार्ग, होमस्टे क्षेत्र तथा साहसिक खेलकुद स्थान पहिचान गर्ने।
८. विभिन्न प्रकारका वन पैदावारका लागि उपभोक्ताको आवश्यकता र प्राथमिकता पहिचान गर्न बजार अनुसन्धान गर्ने,
९. उत्पादित वस्तुको प्रयोगका लागि उपभोक्तास्तरमा जागरुकता अभियान सञ्चालन गर्ने,
१०. सरकारी संरचनाहरूमा अनिवार्य रूपमा स्वदेशी काठ र सोबाट बनेका सामग्रीहरू प्रयोग गर्ने,
११. मूल्य-श्रृंखला अध्ययन (भ्यालुचेन एनालाईसिस्) र नयाँ उत्पादन प्रयोग र बजारको पहिचान (राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्न सम्भावित लगानीकर्ता र उद्यमीहरूसँग समन्वय गर्ने।

(ख) प्रविधि र क्षमता विकास

१. प्रचलित कानून वमोजिम दर्ता/इजाजत प्राप्त उद्यमीलाई मूल्य श्रृङ्खला प्रविधि (भ्यालु एडिसन टेक्नोलोजी) को प्रशिक्षण दिने।
२. भू-सूचना प्रणाली र दूर संवेदनशिल प्रविधि (जिआइएस, रिमोट सेन्सिङ) प्रयोग गरी पर्यापर्यटन नक्साङ्कन र उद्यम विकास योजनामा प्रविधिको पहुँच बढाउने,
३. वनजन्य उत्पादन प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र गुणस्तर मापन प्रविधि अभिवृद्धि गर्ने,

प्रदेश सचिव

४. सामुदायिक तथा निजी क्षेत्रलाई वनजन्य उद्यम, पर्यापर्यटन विकासको लागि आधुनिक तालिम, सीप, भ्रमण कार्यक्रम संचालन गरी प्राविधिक क्षमता विकासमा प्रोत्साहन गर्ने,

५. निजी क्षेत्रलाई काठको आयू र टिकाउपना वढाउन उपयुक्त सिजनिङ्ग तथा ट्रिटमेन्ट उद्योग स्थापना र सञ्चालन गर्न आवश्यक ज्ञान, सीप उपलव्ध गराउने,

६. वन्यजन्तु तथा जैविक विविधता संरक्षणसँग सुहाउँदो इको-टुरिज्म प्रविधि लागू गरी वातावरणमैत्री पूर्वाधार निर्माण अनिवार्य गर्ने,

७. अनुसन्धान संस्था, विश्वविद्यालय र निजी क्षेत्रबीच सहकार्य गरी नयाँ प्रविधि परीक्षण र अनुसरण गर्ने।

८. पर्यटक मार्ग, होमस्टे, उद्यम व्यवस्थापनमा डिजिटल प्लेटफर्म (इ-मार्केटीङ र इ टिकेटिङ) प्रयोग विस्तार गर्ने,

९. वनक्षेत्र पर्यटन सेवा प्रदायकलाई हस्पिटालिटी, सुरक्षा, र वातावरणीय मापदण्डअनुसार तालिम दिन सम्वन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने।

**(ग) लगानी र वित्तीय पहुँचमा विस्तार**

१. निजी, सामुदायिक र सहकारी क्षेत्रसँगको साझेदारीमा वन उद्यममा लगानी गर्न कानुनी सहजता गर्ने,

२. गण्डकी प्रदेश सरकारमार्फत वनजन्य उद्यमका लागि सहुलियतपूर्ण कर्जा र अनुदान सुविधा उपलव्ध गराउने,

३. वनजन्य उत्पादनमा मूल्य अभिवृद्धि कर छुट व्यवस्था गर्ने,

४. निजी, सामुदायिक र सहकारी क्षेत्रसँगको साझेदारीमा दीर्घकालीन लगानी योजना प्रवर्द्धन गर्ने,

५. वन पैदावार प्रशोधन उद्योग र पर्यापर्यटन पूर्वाधार निर्माणमा वैदेशिक लगानीको लागि सहजीकरण गर्ने,

६. गण्डकी प्रदेशमा हरित लगानी (ग्रीन इन्भेष्टमेन्ट) लाई प्राथमिकता दिई जलवायु-मैत्री उद्यमलाई वित्तीय पहुँच विस्तार गर्न वैक तथा वित्तिय संस्थासँग समन्वय गर्ने।

**(घ) निजी तथा सामुदायिक/सहकारी क्षेत्रलाई प्रोत्साहन**

१. सामुदायिक वन उपभोक्ता समूहलाई इको-टुरिज्म र उद्यम विकासमा सहभागि गराउन वन व्यवस्थापन योजना तयार गर्दा आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने,

२. निजी क्षेत्रलाई वनजन्य उत्पादन प्रशोधन उद्योग स्थापनामा प्रोत्साहन दिन कर छुट र अन्य सहुलियत प्रदान गर्ने व्यवस्था गर्ने,

३. सहकारी संस्थामार्फत वनजन्य उत्पादनको संकलन, प्रशोधन र बिक्रीवितरणको संरचना विकास गर्ने,

४. सामुदायिक/निजी उद्यमीलाई इजाजतपत्र प्रदान गर्ने प्रक्रिया सरल र पारदर्शी बनाउने,

५. उद्यमीलाई तालिम, सीप र बजार पहुँचमा सहजीकरण गर्ने,

६. वन र पर्यापर्यटन क्षेत्रमा लगानी गर्ने सहकारी तथा निजी उद्यमलाई अनुदान/प्रोत्साहन दिने,

७. सामुदायिक र निजी उद्यमबीच साझेदारी (पब्लिक प्राइभेट कम्युनिटी पार्टनसिप) प्रवर्द्धन गर्न कार्यविधीगत ढाँचा तयार गरी कार्यान्वयन गर्ने।

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

### ५.१.५ निजी तथा कृषी वन विकास र प्रवर्धन

यस विषयगत क्षेत्र अन्तर्गत **"निजी तथा कृषि वनको विस्तार, विकास र प्रवर्धन गरी स्वच्छ वातावरणका साथै वन पैदावार ओसारपसारमा सहजीकरण गरी कृषकको आयआर्जन बढोत्तरी गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(क) निजी वन विकास र प्रवर्धन

१. निजी वनको भौगोलिक सूचना प्रणाली प्रयोग गरी अभिलेख अद्यावधिक गर्न स्थानीय तहलाई सहजीकरण गर्ने,

२. निजी वन विकास गर्न चाहने व्यक्ति एवँ संस्थालाई गुणस्तरीय विउ तथा विरुवाहरु निशुल्क उपलव्ध गराउने,

३. निजी वनको विकास, प्रवर्धन र व्यवस्थापनमा प्राविधिक र अनुदान सहयोग उपलब्ध गराउने,

४. स्थानीय तहको प्राविधिक क्षमता बृद्धि गरी निजी वन दर्ता र व्यवस्थापनमा सहजीकरण गर्ने,

५. निजी वन तथा निजी आवादीमा भएका रुखहरुलाई स्थानीय तहको अनुमतिमा संकलन, कटान, ओसारपसार र बिक्री वितरण गर्न सक्ने गरी कानूनी प्रवन्ध मिलाउने,

६. कार्बन संचिति अभिवृद्धि तथा उत्सर्जन न्यूनिकरण गर्ने निजी वन धनीलाई कार्बन ब्यापारवाट प्राप्त हुने लाभाँश बाँडफाँडमा समावेश गर्न संघीय सरकारसँग समन्वय र सहजीकरण गर्ने,

७. निश्चित क्षेत्रफल भन्दा बढी निज़ी वनको विकास र व्यवस्थापन गर्ने निजी वन धनीलाई तिरो एवं करमा छुट र अनुदान दिने व्यवस्थाका लागि स्थानीय तहसँग समन्वय गर्ने।

(ख) कृषी वन विकास र विस्तार

१. कृषी वन प्रणालीको व्यवसायिक र सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने,

२. प्राकृतिक वनजँगल नभएका वा कम भएका स्थानीय तहहरुमा कृषि वन प्रणालीको विकास, विस्तार र प्रवर्धनको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

३. कृषि वन व्यवसायिकरणमा निजी एवँ सहकारी क्षेत्रलाई आकर्षित गर्ने,

४. व्यवसायिक र सामुहिक कृषी वन प्रणालीको लागि आवश्यक बाटो, सिँचाई, औजार, उपकरण, प्रविधि लगायतका सुविधाहरु उपलव्ध हुने व्यवस्था मिलाउने,

५. जमिनको कुल उत्पादकत्व वढाउन जडीबुटी र अन्य गैह्रकाष्ठ वन पैदावार उत्पादन हुने प्रजाति रोपण गरी बहुतले (मल्टिलेयर) कृषी वनको विकास गर्ने,

६. खेती नगरिएको खाली र बाँझो निजी जग्गामा छिटो प्रतिफल दिने प्रजाति रोपण गर्न प्रोत्साहन र सहयोग गर्ने,

७. भौगोलिक अवस्था र स्थान विशेषमा उपयुक्त बहुपयोगी प्रजाति सहीतको कृषि वन प्रणालीको विकास गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

८. कृषियोग्य भूमिमा अन्तरवाली प्रणालीअन्तर्गत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई प्रोत्साहित गर्ने,

९. तराई र समथर भ-भागमा अन्न, दलहन तथा तेलहन बालीमा आधारीत, मध्य पहाडी क्षेत्रमा फलफूलका रुख प्रजातिमा आधारीत, उच्च पहाडी र उच्च हिमाली क्षेत्रमा जडीबुटीमा आधारीत, ताल तलैया र पानीका स्रोतहरु भएको क्षेत्रमा मत्स्यपालनमा आधारीत र खेती नहुने पहाडी क्षेत्रहरुमा पशुपालनमा आधारीत कृषी वन प्रणालीलाइ जोड दिने,

१०. कृषिवनको लागि माटो अनुसारको उपयुक्त प्रजाति र प्रविधिको अनुसन्धान, विकास गरी सिफारिश गर्ने,

११. कृषि कार्यको लागि उपयुक्त नभएका बाँझा, खरवारी र आवादी किनारका निजी जग्गामा गैरकाष्ठ वन पैदावर खेती गर्न निजि क्षेत्रलाई प्रोत्साहन गर्ने,

१२. कृषी वन प्रणालीको दर्ता, वन 'पैदावारको ओसारपसार तथा बिक्री वितरणमा सहजीकरण गर्ने,

१३. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न सामुदायिक वन क्षेत्रमा कृषि वन प्रणालीको विकास र विस्तारमा सहजीकरण गर्ने,

१४. कृषी वन प्रणाली अवलम्वन गर्न चाहने व्यक्ति, कृषक, संघ, संस्था, समूहलाइ तालिम, प्रशिक्षण, प्राविधिक सेवा स्थानीय तहसँगको समन्वय र साझेदारीमा उपलव्ध गराउने,

१५. स्थानीय तहसँग समन्वय गरी कृषि वन कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने।

१६. कृषी वन धनीलाई तिरो एवं करमा छुट र अनुदान दिने व्यवस्थाका लागि स्थानीय तहसँग समन्वय गर्ने।

## ५.२ अन्तर विषयगत क्षेत्रहरु

### ५.२.१ सार्वजनिक, नदी उकास क्षेत्र र शहरी वन विकास तथा व्यवस्थापन

यस अन्तर विषयगत क्षेत्र अन्तर्गत **"सार्वजनिक, नदी उकास र शहरी वनको विस्तार, विकास मार्फत हरियाली प्रवर्धन गरी स्वच्छ, सफा, बसोवास योग्य वातावरण सृजना गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

#### (क) सार्वजनिक तथा नदी उकास क्षेत्रमा वन विकास र विस्तार

१. स्थानीय तहले सडक, नहर, वाटो, नदी, खोला किनार, नदी उकास जस्ता सार्वजनिक स्थानमा हरियाली  कायम गर्नको लागि जग्गा पहिचान गरी अभिलेखिकरण गर्ने,

२. स्थानीय तहले प्रदेश सरकारसँगको समन्वय र सहयोगमा समूह गठन र कार्ययोजना तयार गरी वन विकास र व्यवस्थापन गर्ने,

३. वन विकास गर्न सकिने नदी उकास तथा सार्वजनिक जग्गाको पहिचान गरी पुनर्स्थापना कार्ययोजना (रिस्टोरेसन प्लान) तयार गरी वन विकास तथा व्यवस्थापन गर्ने,

४. नदी उकास जग्गामा स्थान विशेष छिटो प्रतिफल प्रतिफल दिने प्रजातिको विउ छरेर वा विरुवा रोपण गरेर वनको विकास गर्ने,



प्रदेश सचिव

५. सडक, नहर, वाटो, नदी, खोला किनार, नदि उकास जस्ता सार्वजनिक क्षेत्रमा वन विकास र विस्तार गर्न चाहने व्यक्ति, संघ, संस्था, समूहलाइ तालिम, प्रशिक्षण, प्राविधिक सेवा र वस्तुपरक अनुदान स्थानीय तहसँगको समन्वय र साझेदारीमा उपलव्ध गराउने।

(ख) शहरी वन प्रवर्धन तथा व्यवस्थापन

६. स्थानीय तहले शहर क्षेत्रका वन, उद्यान, वन वाटिका, पार्क, चौतारो, खाली स्थानमा रहेका रुखहरु र जग्गाको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गर्ने,

७. शहरको भौगोलिक स्थान सुँहाउदो र रोपण गरिने प्रजातिको विशेषताको आधारमा उपयुक्त प्रजाति छनौट गरी स्थानीय तहको समन्वय र सहभागितामा विरुवा रोपण र व्यवस्थापन कार्यमा अनुदान उपलव्ध गराउने,

८. शहरी हरियाली प्रवर्धन, विरुवाको छाँटकाँट, आर्किटेक्चर, ल्याण्डस्केपिङ्ग समेतका कार्यका लागि दिर्घकालिन कोष स्थापना गर्ने,

९. शहरमा हरीयाली प्रवर्धन गर्न शहरको एकिकृत गुरुयोजना तयार गर्दा सडक तथा अन्य भौतिक पूर्वाधारहरु निर्माण गर्दा हरीयाली प्रवर्धनको स्थान सुनिश्चतता गर्ने,

१०. प्रत्येक स्थानीय तहले आफ्नो कार्य क्षेत्र भित्र शहरी वन विकास कार्ययोजना तयारी गरी कार्यान्वयन गर्ने,

११. प्रत्येक स्थानीय तहले शहरमा रहेका ऐतिहाँसिक, धार्मिक महत्वका रुख तथा चौतारीका रुख र सडक किनार र अन्य स्थानका रुखहरुको पहिचान र अभिलेखिकरण गर्ने,

१२. शहरी हरियाली प्रवर्धन र व्यवस्थापनमा समुदाय र सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने,

१३. शहरी क्षेत्रमा ठूलो साइजको वहुवर्षिय विरुवा रोपण गरी हरीयाली वढाउन स्थानीय तहलाई सहजीकरण गर्ने,

१४. वृक्षारोपण गरिएका विरुवाहरुको संरक्षण, काँटछाँट, आर्किटेक्चर र उचित व्यवस्थापन गर्ने,

१५. शहरी वन व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान तथा सिपको विकास गर्न स्थानीय तहमा रहेको वन तथा वातावरण शाखाको क्षमता अभिवृद्धि गर्ने,

१६. शहरी ल्याण्डस्केपिङ र ट्रि आर्किटेक्चर विषयमा प्राविधिक जनशक्ति विकास गर्ने,

१७. सडक जस्ता भौतिक पूर्वाधार निर्माण गर्दा समुचित वृक्षारोपण र व्यवस्थापन सुनिश्चित गर्ने,

१८. पालिकाहरुमा शहरी हरियाली प्रवर्धन सहितको भौतिक पूर्वाधारको एकिकृत गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने,

१९. शहरी क्षेत्रमा हरीयाली वढाइ स्वच्छ वातावरण कायम गर्न निजी तथा व्यवसायिक संघसंस्थालाई व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत लगानि गर्न आह्वान गर्ने,

२०. "एक घरः एक बिरुवा रोपण" अभियान सञ्चालन गरी शहरी वन प्रवर्धनमा सहजीकरण गर्ने।

२१. शहरी वन विकास तथा व्यवस्थापनको लागि प्रदेशले स्पष्ट संस्थागत जिम्मेवारीको कानूनी प्रवन्ध मिलाउने,

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

२२. शहरी क्षेत्रमा वृक्षरोपण र रुखविरुवाहरुको व्यवस्थापन गर्न आवश्यक पर्ने हेभि इन्जिनियरिङ्ग उपकरण र सामाग्रीहरुको व्यवस्था प्रदेश र स्थानीय तहले साझेदारीमा गर्ने,

२३. शहरी वन विकास तथा प्रवर्धनको विषयमा विश्वविद्यालय, अनुसन्धान निकाय समेत सहभागितामा अध्ययन, अनुसन्धान गरी सिफारिस गर्ने।

(ग) नर्सरी, वृक्षरोपण तथा वृक्ष सुधार

१. वृक्षारोपण क्षेत्रको उपयुक्तता, स्थानीयको माग र व्यवस्थापन उद्देश्यसँग मेलखाने गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने,

२. वनको उत्पादन वृद्धि र गुणस्तर सुधारका लागि वृक्ष सुधार कार्यक्रमहरू संचालन गर्ने,

३. गुणस्तरीय तथा बहुवर्षीय विरुवा उत्पादनका लागि हरेक जिल्ला तथा स्थानीय तहमा एक उच्च प्रविधियुक्त नर्सरी सञ्चालन गर्ने,

४. निजी वन विकासलाई प्रवर्द्धन गर्दै वनक्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्न,

५. निजी तथा समुदायमा आधारीत वन नर्सरीहरुको क्षमता र गुणस्तर वृद्धि गर्ने।

### ५.२.२ जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन

यस अन्तर विषयगत क्षेत्र अन्तर्गत **"जलवायु परिवर्तन तथा जलवायुजन्य विपद्मा अनुकूलित र जलवायु उत्थानशिलता हासिल गर्ने वातावरण सृजना गरी सक्षम र समृद समाज निर्माणमा योगदान दिने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(क) जलवायू परिवर्तन न्यूनीकरण र अनुकूलन,

१. जलवायू परिवर्तनको जिल्लागत आधारमा जोखिम विश्लेषण गरी नक्साङ्कन गर्ने,

२. समुदाय र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने जोखिम विश्लेषण गरी जलवायू परिवर्तन अनुकूलनका क्रियाकलापहरु सबै तहका वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

३. जलवायु परिवर्तनको संवेदनशीलताका आधारमा प्राथमिकता प्राप्त जलाधारहरुमा जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गर्ने,

४. जलवायु उत्थानशील वन र वनस्पतिहरुको पहिचान गरि वृक्षारोपण तथा विकास गर्ने,

५. सबै किसिमको वन र वनमा आश्रित समुदायको जलवायु उत्थानशीलता अभिवृद्धि र प्राकृतिक विपद्सँग लड्न सक्ने क्षमता अभिवृद्धि गर्ने,

६. जलवायु परिवर्तन अनुकूल हुर्कन सक्ने स्थानीय वनस्पतिको वृक्षरोपण गरी जलवायू उत्थानशिलता अभिवृद्धि गर्न स्थानीय तहलाई प्रोत्साहन गर्ने,

७. जलवायू परिवर्तनमा अनुकूलित हुने रैथाने/स्थानीय बिउ तथा प्रजातिहरु संरक्षण र विकासको लागि उपयुक्त संकलन तथा भण्डारण प्रविधिको विकास गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

८. संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा जलवायु मापन केन्द्र र जलवायुजन्य विपद्को पूर्वसूचना प्रणाली विकास र विस्तार गर्ने,

९. प्रदेश जलवायु परिवर्तन समन्वय परिषदलाई संस्थागत सुदृढिकरण गरी सक्रिय वनाउने,

१०. राष्ट्रिय निर्धारित योगदानको लक्ष्य हासिल गर्ने गरी प्रदेश र स्थानीय तहका क्षेत्रगत कार्यक्रमहरुको सामञ्जस्यता मिलाउने,

११. वन क्षेत्रमा आधारित जोखिममा रहेका समुदायलाई जलवायु उत्थानशील, अनुकूलन तथा न्यूनीकरणका असर, प्रभाव र प्रविधि बारे जनचेतना अभिवृद्धि गर्ने,

(ख) जलवायूजन्य विपद् व्यवस्थापन

१. प्राकृतिक विपद् व्यवस्थापनका लागि सेण्डाई फ्रेमवर्कलाई राष्ट्रिय परिवेश अनुरुप बनाई कार्यान्वयन गर्ने,

२. संवेदनशील स्थल पहिचाहन गरि सो स्थानहरुमा विपद् व्यवस्थापन कार्ययोजना बनाई लागु गर्ने,

३. स्थानीय तहहरू सँगको समन्वय र सहकार्यमा नदी उकास क्षेत्र तथा पर्ति जग्गामा वृक्षारोपण गरी वन विकास मार्फत नदी नियन्त्रण गर्ने,

४. वन समूहहरुलाई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

५. जलवायूजन्य विपद् व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गरी पूर्व सूचना, तयारी, राहत र पुनस्थापनाका कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने,

६. जलवायूजन्य विपद्का कारण क्षति भएका क्षेत्रहरुमा वायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी पुनस्थापना गर्ने।

ग) वातावरणीय सेवा र कार्बन संचिति अभिवृद्धि

१. वातावरणीय सेवाहरुलाई पहिचान र वर्गिकरण गरी तिनको प्रवर्धन र संरक्षण गर्ने,

२. वन क्षेत्रको वातावरणीय सेवा र कार्बन संचिति अभिवृद्धिवाट प्राप्त हुने लाभले अर्थतन्त्रमा पुर्याउने योगदानको आकलन गरी कूल ग्राहस्थ उत्पादनमा वातावरणीय सेवाको योगदानलाई अँकमा गणना गर्ने,

३. वातावरणीय अध्ययनमा वातावरणीय सेवाको लेखाजोखा गर्ने व्यवस्था अनिवार्य गर्ने,

४. तल्लो तटीय क्षेत्रका समुदायलाई माथिल्लो तटीय क्षेत्रका समुदायले जलीय स्वच्छता र सेवामा पुर्याएको योगदानको मुल्याङ्कन गरी वातावरणीय सेवाको भुक्तानी प्रणाली विकास गर्ने,

५. वनको दिगो व्यवस्थापन र वन विनाश तथा क्षयीकरण नियन्त्रण गरी वनमा कार्वन सञ्चितीलाई वृद्धि गर्ने,

६. कार्बन संचिति अभिवृद्धि गरी कार्वन व्यापार र वातावरणीय सेवावाट प्राप्त लाभमा प्राथमिकता र समन्यायिक तवरवाट समुदायको पहुँच पुर्याउन प्रवन्ध मिलाउन समन्वय गर्ने,



प्रदेश सचिव

७. संघ, प्रदेश र स्थानीय तहको समन्वयमा भुक्तानी प्रणालीको खाका तयार गरी लागू गर्ने,

८. समुदाय तथा विद्यालयस्तरमा वातावरणीय सेवा र कार्वनको महत्व बारे सचेतना अभिवृद्धि गर्ने।

### ५.२.३ सुशासन तथा समावेशीकरण प्रवर्धन

यस अन्तर विषयगत क्षेत्र अन्तर्गत **"वन क्षेत्रका सरोकारवालाहरुमां सहभागिता, पारदर्शिता, कानूनको पालना जस्ता पक्षहरूमा प्रभावकारिता बृद्धि गरी सेवाप्रवाह सरल, सहज र जनमैत्री गराई कार्यक्षेत्रमा सुधार ल्याउने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

**(क) वन क्षेत्रको संगठन सुधार र सुशासन**

१. वन क्षेत्रको संगठनलाई समयानुकुल परिमार्जन गरी जनशक्ति पुनर्संरचना गर्ने,

२. प्रदेशको वनक्षेत्रका निकायहरुमा पारदर्शीता, जवाफदेहिता, निष्पक्षता कायम गरी जनमैत्री सेवाप्रवाह गर्ने,

३. प्रदेश सरकारले वन क्षेत्र सम्बन्धी जनशक्ति व्यवस्थापन योजना (ह्युमेन रिसोर्स डेभलपमेन्ट प्लान) निर्माण गरी कार्यान्वयन गर्ने,

४. वनक्षेत्रमा प्रवेश गर्ने नयाँ जनशक्तिको क्षमता अभिवृद्धि गर्न अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था गर्ने,

५. वन क्षेत्रका जनशक्तिलाई समयानुकूल तालिम, क्षमता विकास, अध्ययन भ्रमण, वैदेशिक भ्रमण जस्ता वृत्तिविकासका अवसर उपलव्ध गराई व्यवसायिक क्षमताको विकास गर्ने,

६. सेवा प्रवाह गर्ने सवै कार्यालयहरुले गुनासो सुन्ने अधिकारी, सेवाग्राहीले पेश गर्नुपर्ने कागजात समेत समावेश गरी सजिलै देख्न सक्ने स्थानमा नागरीक वडापत्र राख्ने,

७. विकास कार्यक्रम र योजनाहरु छनोट गर्दा जनताको माग र आवश्यकताको आधारमा उर्ध्वगामी (बटम अप प्लानिङ) विधीको अवलम्बन गर्ने,

८. कार्यालयले उपलव्ध गराएको सेवा, कार्यक्रम, वजेट र कार्यान्वयनको उपलव्धी बारेमा सार्वजनिक सुनुवाई गरी पृष्टपोषण लिने,

९. कर्मचारीको सरुवा गर्दा मापदण्ड तयार गरी योग्यता पुगेका कर्मचारीहरुलाई पहिलो प्राथमिकता दिइ चक्रप्रणाली अनुसार व्यवस्थित गर्ने,

१०. कर्मचारीको सरुवा, बढुवा तथा परिचालनलाई मापदण्ड तयारी गरी सुशासनयुक्त, पारदर्शी र भविष्यवाणी गर्न सक्ने गरी व्यवस्थित गर्ने,

११. वन पैदावार बिक्री वितरण गर्दा ई-बिडिङ्गको व्यवस्था गरी पारदर्शी र सुशासनयुक्त गर्ने।

१२. वनजन्य अपराधमा बरामद भएका वन पैदावार र सामाग्रीहरु समयमै सुरक्षित व्यवस्थापन गर्ने,

१३. वन क्षेत्रका नीति नियमहरु तर्जुमा तथा संशोधन गर्दा सहभागिमूलक विधी अपनाउने, निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने,

१४. वन क्षेत्रमा गर्नुपर्ने वन्यजन्तु उद्धार, वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण जस्ता जोखिमपूर्ण कार्यमा खटिने कर्मचारीलाई विमा गर्ने।

(ख) वन सूचना प्रणाली स्थापना तथा संचालन

(१) प्रदेशका वन क्षेत्रका सवै निकायहरुले क्षेत्रगत सूचनाहरु अद्यावधिक गरी अभिलेखिकरण गर्ने,

(२) प्रदेशको वन क्षेत्रको एकिकृत स्वचालित सूचना प्रणालीको वेवपोर्टल तयार एवँ सूचना प्रविष्ट गरी सञ्चालन गर्ने,

(३) प्रदेशको वनक्षेत्रको एकिकृत सूचना प्रणालीलाई राष्ट्रिय सूचना प्रणालीसँग आवद्ध गर्ने,

(४) प्रदेश मातहतका कार्यालयहरुलाई नियमित रुपमा सूचना प्रणालीको वेव पोर्टलमा तथ्याङ्क प्रविष्ट गर्न मुख्य जिम्मेवार कर्मचारी तोक्ने,

(५) वनक्षेत्रको अध्ययन अनुसन्धान प्राप्त भएका तथा अन्य सूचनाहरुलाई नियमित प्रवाह गर्न वन सूचना तथ्याङ्क प्रवाह कार्यविधी वनाइ संचालन गर्ने,

(६) नागरिकवाट माग भएको सूचनाहरु कानून वमोजिम उपलव्ध गराउने,

### ५.२.४ अध्ययन, अनुसन्धान, प्रविधि विकास र प्रसार

यस अन्तर विषयगत क्षेत्र अन्तर्गत **अनुसन्धान, प्रविधि विकास र प्रयोग, सूचना प्रणाली विकास र सूचना प्रवाह मार्फत वन क्षेत्रको व्यवस्थापन गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(१) वन क्षेत्रका अध्ययन अनुसन्धानका विषयहरुमा शैक्षिक तथा प्राज्ञिक र अनुसन्धान निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(२) प्रदेशमा उत्पादन भएका नरम काठ प्रजातिका गुणस्तर, वलियोपना, टिकाउपना र उपचार सम्वन्धित वैज्ञानिक अध्ययन गरी उपयोगको बारेमा प्रचारप्रसार गर्ने,

(३) वन सम्वर्धन प्रणाली अवलम्वन गरी व्यवस्थापन गरिएका वनहरुको तुलनात्मक अध्ययन गरी वनको प्रकार अनुरुप वन सम्वर्धन प्रणाली छनोट गर्न सिफारिस गर्ने,

(४) वनक्षेत्रको सिमाङ्कन, स्रोत सर्वेक्षण, व्लक निर्धारणमा भूसूचना प्रणाली (जिआइएस), दूरसंवेदन प्रणाली (रिमोट सेन्सिङ), ड्रोन जस्ता उच्च प्रविधि र उपकरण प्रयोग गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

(५) वन व्यवस्थापन कार्यमा रुख संकलन, कटान तथा ओसारपसार जस्ता व्यवस्थापन कार्यमा ट्रि कटर, लोडर, प्रोटेवल स:मिल, हाईड्रोलिक ट्रक जस्ता मेशिनरी साधनको प्रयोग गर्ने,

(६) वन पैदावारको मूल्य श्रृङ्खला वढाउन आधुनिक प्रशोधन मेसिनरीको आयातमा सरलीकृत गर्ने,

(७) प्रदेशमा रहेको वनको प्रकार अनुरुप वन संवर्धन प्रणालीको छनौट गर्न सङ्घीय तथा प्रादेशिक शैक्षिक तथा प्राज्ञिक संस्थाहरुसँग सहकार्य गर्ने, वैज्ञानिक अध्ययन प्रसार गर्ने,

(८) प्रदेशमा पाइने चिलाउने, कटुस, खस्रु, खोटेसल्लो, गोब्रेसल्लो जस्ता काठ प्रजातिहरुको गुणस्तर, बलियोपना, टिकाउपना (डयराविलिटी) बढाउने सिजनिङ्ग तथा ट्रिटमेन्टको वैज्ञानिक अध्ययन गरी प्रचारप्रसार गर्ने,

(९) वनको उत्पादन, उत्पादकत्व, उपयोग र दिगोपना सम्बन्धी अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाहरुलाइ अनिवार्य रुपमा वनक्षेत्रका नीति निर्माण तथा कार्यान्वयनमा लागू गर्ने,

(१०) वन अनुसन्धान तथा विद्यार्थीको क्षमता अभिवृद्धिका लागि वन विज्ञानमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिपमा लगाउने व्यवस्थालाई विस्तार गर्ने,

(११) वन सम्बन्धी अध्ययन र अध्यापनका विषयमा संघिय वन सम्बन्धी निकायहरु, विश्वविद्यालय तथा प्राज्ञिक निकायहरको पहिचान गरी समन्वय र सहकार्यलाई अभिवृद्धि गर्ने,

(१२) वन क्षेत्रको अध्ययन अनुसन्धान प्रविधि प्रयोग सूचना प्रणालीको सञ्चालन, तथ्याँङ्क संकलन र व्यवस्थापनको लागि प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(१३) वनक्षेत्रबाट रोजगारी सिर्जना गर्न सक्ने, जलवायू उत्थानशिलता अभिवृद्धि गर्ने, वातावरणीय दृष्टिलें संवेदनशिल वनक्षेत्र, संकटापन्न प्राणी तथा वनस्पति प्रजाति, वातावरणीय सेवाका क्षेत्र र नीति निर्माण र योजना तर्जुमा कार्यमा योगदान पुग्ने विषय र क्षेत्रको अध्ययन अनुसन्धानलाई प्राथमिकता दिने।

### ५.२.५ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

यस अन्तर विषयगत क्षेत्र अन्तर्गत **"वन क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुदृढ गर्ने"** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नअनुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चानल गरिनेछ।

(१) वन व्यवस्थापनमा सकारात्मक विभेद अवलम्बन गरी लैङ्गिक समानता तथा समावेशिकरणको प्रवर्धन गर्ने,

(२) वन क्षेत्रको वन संरक्षण, विकास र व्यवस्थापन कार्यमा कम्तिमा ३३ प्रशिशत महिला, दलित, जनजाति, आदिवासीहरुको सहभागिता र नेतृत्वलाई सुनिश्चित गर्ने,

प्रदेश सचिव

(३) वातावरणीय सेवाबाट प्राप्त हुने लाभको बाँडफाँड लगायतका क्रियाकलापमा महिला, आदिवासी जनजाती, दलित अल्पसंख्यक समुदायको समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुसार सहभागिता सुनिश्चित गर्ने,

(४) वनक्षेत्रको व्यवस्थापनमा महिला तथा सामाजिक रुपमा पछाडि परेका समुदायको नेतृत्व क्षमता अभिवृद्धि गर्ने,

(५) वन व्यवस्थापनमा आदिवासी जनजाती तथा स्थानीय समुदायको प्रथा जनित ज्ञान, सीप तथा अभ्यासलाई समावेश गर्ने,

(६) वन क्षेत्रका सबै कार्यालयहरुमा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने।

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

# खण्ड ६

## रणनीतिक योजना कार्यान्वयनमा भूमिका र समन्वय

यस रणनीतिको सफलतापूर्वक कार्यान्वयन र लक्षित उद्देश्यहरु प्राप्ति गरी प्रदेश अन्तर्गत वनको दिगो व्यवस्थापन गरी प्रदेशको समृद्धिमा योगदान गर्न संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय, निजी क्षेत्रसँगको समन्वय, सहकार्य र समझदारी आवश्यक पर्दछ। यस रणनीतिक योजना कार्यान्वयनमा तीन तहका सरकार र मातहतका निकायहरु, अन्तरनिकायगत क्षेत्र र समुदायबाट खेल्नुपर्ने भूमिका र समन्वय देहायमा देहायमा उल्लेख गरे बमोजिम हुनेछ।

### ६.१ संघको भूमिका र समन्वय

- संवैधानिक व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहसँगको समन्वयमा वन क्षेत्रका नीति, रणनीति, कानून तर्जुमा गरी प्रदेश र स्थानीय तहलाई मार्गनिर्देश गर्ने,
- विकास आयोजनाका लागि प्रदेश भित्रको राष्ट्रिय वनको जग्गा भोगाधिकार दिएकोमा सोको नियमन तथा अनुगमन गर्ने,
- प्रदेश भित्रका नेपाल सरकारबाट घोषणा गरिएका र अन्तराष्ट्रिय स्तरमा सूचीकृत संरक्षित क्षेत्र, जलाधार क्षेत्र, सिमसार क्षेत्र र उद्यानको व्यवस्थापन र नियमान गर्दा प्रदेश र स्थानीय तहसंग समन्वय गर्ने,
- वन क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने वातावरणीय सेवा बापत प्राप्त हुने लाभको वितरणमा प्रदेशलाई प्राथमिकता दिने,
- राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्ड बमोजिम जलवायु उत्थानशिल प्रादेशिक कार्यक्रम र परियोजना तर्जुमा गर्ने प्रारुप प्रदेशसंगको समन्वयमा तयार गरी प्रदेशलाई परियोजना विकासमा सहजीकरण गर्ने,
- प्रदेशलाई सशर्त र वित्तीय समानीकरण अनुदानमा प्राथमिकता दिई प्रादेशिक वन क्षेत्रको संरक्षण, विकासमा र व्यवस्थापनमा सहयोग पुर्‍याउने,
- नेपाल सरकारबाट जारी भएका वन क्षेत्रका कानूनहरु प्रदेश र स्थानीय तहसँगको समन्वयमा समयसापेक्ष परिमार्जन गरी कार्यान्वयनमा एकरुपता र सरलता ल्याउने,
- वन क्षेत्रको सुरक्षाको लागि खटिने सशस्त्र वन रक्षकको परिचालन गर्न प्रदेशलाई सहजीकरण गर्ने,
- प्रदेशिक कार्यालयको भौतिक पूर्वाधार, साधन स्रोत, प्रविधि र जनशक्तिको क्षमता अभिबृद्धिका लागि स्रोत जुटाउन सहयोग गर्ने।

### ६.२ प्रदेशको भूमिका र समन्वय

- वन क्षेत्रसँग सम्बन्धित संघबाट जारी भएका नीति, रणनीति, कानूनहरुसँग तादम्यता हुने गरी स्थानीय तहसँगको समन्वयमा प्रादेशिक वन क्षेत्र व्यवस्थापनका लागि कानून निर्माण गरी कार्यान्वयन र नियमन गर्ने/गराउने,
- वन क्षेत्रको प्रदेशिक रणनीतिक योजनासँग तादम्यता हुने गरी क्षेत्रगत आवधिक योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने,

प्रदेश सचिव

- संघ तथा स्थानीय तहसँग समन्वय गरी संघीय र प्रादेशिक कानून आफ्नो प्रदेशभित्रको वन क्षेत्रको संरक्षण, विकास, प्रवर्धन र व्यवस्थापन गर्ने/गराउने,
- प्रदेश भित्रका विकास आयोजनाका लागि भोगाधिकार दिइएका राष्ट्रिय वनक्षेत्रको सम्झौता बमोजिम कार्यान्वयन गरी सोको प्रतिवेदन पठाउने साथै संघीय निकायलाई अनुगमन र नियमनमा सहयोग गर्ने,
- राष्ट्रिय वनभित्रका एवं अन्तराष्ट्रिय स्तरका रामसार सूचीकृत र अन्य सिमसार क्षेत्र, जलाधार क्षेत्र, ताल, तलैयाको स्थानीय तहसँग समन्वय गरी व्यवस्थापन गर्ने/गराउने,
- राष्ट्रिय वन र भू-परिधि/जलाधार क्षेत्रको एकीकृत र दिगो व्यवस्थापन गर्ने/गराउने,
- वन पैदावारको माग र आपूर्तिको सन्तुलन कायम गरी वनजन्य उद्यम विकास तथा प्रवर्धनमा सहजीकरण गर्ने,
- सार्वजनिक वन, निजी वन र सहरी वन विकास र प्रवर्द्धन गर्ने कार्यमा स्थानीय तहलाई सहजीकरण गर्ने,
- बीउ बगैंचा स्थापना र व्यवस्थापन गरी दिगो एवं गुणस्तरीय बीऊ उत्पादन गरी वृक्षरोपणको लागि उपलब्ध गराउने,
- जलवायु परिवर्तनबाट हुने असर/प्रभावलाई न्यून गर्न न्यूनीकरण र अनूकूलित हुने योजना तयार गरी समुदायमा जलवायु उत्थानशिलता अभिबृद्धि गर्ने/ गराउने,
- स्थानीय तहलाई वन सम्बन्धी प्राविधिक सहयोग र क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने,
- वन क्षेत्रको अध्ययन अनुसन्धान र व्यवस्थापनबाट भएका सिकाई तथा उपलब्धि, तथ्याङ्कहरुको अद्यावधिक गरी प्रतिवेदन नियमित रुपमा संघमा पठाउने।

### ६.३ स्थानीय तहको भूमिका र समन्वय

- संघ र प्रदेश सरकारबाट तर्जुमा भएका कानूनसँग तादम्यता हुने गरी कानून तर्जुमा गरी कार्यान्वयन गर्ने,
- स्थानीय तहको क्षेत्रमा रहेका वन, वनस्पति वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र तथा वातावरण क्षेत्रको संरक्षण गर्ने,
- शहरी वन, सार्वजनिक वन, कृषि वन, निजी वनको विकास, प्रवर्धन र व्यवस्थापनमा सहयोग र नियमन गर्ने,
- नदी उकास क्षेत्र तथा निजी एवं सार्वजनिक क्षेत्रका सिमसारको विकास तथा व्यवस्थापन गर्ने,
- शहरी वन, कृषि वन, निजी वन र नम्बरी आवादीका प्रतिवन्धित प्रजाति बाहेकका रुखको कटान, संकलन, ओसारपसार कार्यको व्यवस्थापन गर्ने,
- वनजन्य एवं पर्यापर्यटनमुखी उद्यमको विकास तथा प्रवर्द्धन गर्न सहजीकरण गर्ने।
- समुदायद्वारा व्यवस्थापन गरिएका वनको व्यवस्थापन योजना कार्यान्वयन र नियमनका क्रममा सहयोग गर्ने,
- विकास आयोजनाका लागि भोगाधिकार दिएका राष्ट्रिय वन क्षेत्रको अनुगमन र नियमनमा प्रदेश र संघीय निकायलाई सहयोग र समन्वय गर्ने,

प्रदेश सचिव

- सामुदायिक वन, सार्वजनिक वन, शहरी वन, कृषि वन, निजी वनका सरोकारवालाहरुको क्षमता विकासमा एवं वन तथा वातावरणको दिगो व्यवस्थापनमा सहजीकरण गर्न स्थानीय तहमा आवश्यक संरचनात्मक एवं कानूनी व्यवस्था गर्ने,
- वन क्षेत्रसंग सम्वन्धित तथ्य, तथ्याङ्क अद्यावधिक गरेको वार्षिक प्रतिवेदन प्रदेश प्रदेशको वन सम्बन्धी हेर्ने मन्त्रालय र सम्बन्धित डिभिजन वन कार्यालयमा बार्षिक रुपमा पठाउने।

## ६.४ समुदायको भूमिका र समन्वय

समुदायमा आधारित वन व्यवस्थापन समुहबाट यस रणनीतिको सफल कार्यान्वयनको लागि देहायको भूमिका अपेक्षा गरिएको छ।

- राष्ट्रिय वनको सहभागितामूलक वन व्यंवस्थापनका लागि उपभोक्ता समूहको गठन तथा विधान तयार गर्ने,
- समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, आवधिक रूपमा पुनरावलोकन गरी स्वीकृति प्राप्त भएपश्चात् कार्यान्वयन गर्ने,
- हस्तान्तरित वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने एवं वनबाट उत्पादित स्रोतहरुको न्यायोचित वितरण गर्ने,
- सहभागितामूलक वन व्यवस्थापन कार्यमा प्रदेश र स्थानीय तहसँग समन्वय गरी सहयोग लिने।
- उपभोक्ता समूहको वन व्यवस्थापन लगायतका सामुदायिक विकास क्रियाकलापको व्यवस्थित अभिलेख राखी वार्षिकरूपमा आर्थिक तथा प्राविधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पेश गर्ने,
- समुदायमा आधारित वनक्षेत्रमा सुशासन कायम गर्न संघ, प्रदेश र स्थानीय तहहरूसँग सामञ्जस्यता कायम गरी कार्य गर्ने,

## ६.५ अन्तर निकाय समन्वय

वन क्षेत्रले कृषि, ऊर्जा, स्वच्छ पानी, पर्यावरणीय सेवा, पर्यापर्यटन तथा वनजन्य उद्योगको दिगो विकास एवं सांस्कृतिक, सामाजिक सम्पदा संरक्षण र आर्थिक समुन्नतिमा योगदान पुर्याएको छ। नविकरणीय वन क्षेत्र सार्वजनिक उत्तरदायित्वको क्षेत्र हो। यो राष्ट्रिय सम्पत्ति हो। यस क्षेत्रको संरक्षण, विकास, प्रवर्धन, व्यवस्थापन र सुरक्षामा वन निकायको मात्र एकल दायित्व नभएर सरकारका सबै निकाय, क्षेत्र एवं नागरिक समेतको दायित्व हो। त्यसैले अन्तरनिकायहरु वीच एकीकृत र तहगतस्तरमा देहाय अनुसारको भूमिका र समन्वय हुनेछ।

- वनको संरक्षण, संवर्धन, विकास र व्यवस्थापनका चरणहरुमा संघीय र प्रादेशिक मन्त्रालय वीचमा समन्वय प्रदेश वन तथा वातावरण मन्त्रालयबाट,
- प्रदेशस्तरका निकायहरु वीचमा समन्यव सहकार्या वन निर्देशनालयबाट,
- जिल्ला वा डिभिजनस्तरमा वनको संरक्षण र सुरक्षाको लागि जिल्ला वन क्षेत्र सुरक्षा समितिसंग डिभिजन वन कार्यालयबाट,
- स्थानीय तह वीच समन्वय र सहजीकरमाका लागि जिल्ला समन्वय समिति मार्फत डिभिजन वन कार्यालयबाट,
- सव डिभिजन र स्थानीय वडा वीचमा समन्वय र सहजीकरण सवडिभिजन वन कार्यालयबाट।

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

# खण्ड ७
# संस्थागत तथा कानूनी संरचना

## ७.१ संस्थागत संरचना

वन तथा वातावरण मन्त्रालयको नेतृत्वदायी भूमिकामा रणनीतिक योजना कार्यान्वयन हुनेछ। मन्त्रालय मातहत वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ११ वटा डिभिजन वन कार्यालय र ६४ वटा सवडिभिजन वन कार्यालयहरु, २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय, १ वटा वन्यजन्तु उद्दार केन्द्र रहेका छन्। यी निकायहरु कार्यरत छ सय पचास भन्दा बढी जनशक्ति परिचालन गरी यस रणनीतिको कार्यान्वयन हुनेछ। यस वन संगठनको समय सापेक्ष मौजुदा संस्थागन संरचनामा आवश्यक फेरबदल हुन सक्नेछ। प्रदेशस्तरमा रणनीतिको कार्यान्वयमा निर्देशन गर्न वृहत जलाधार व्यवस्थापन तथा अनुगमन समिति, जिल्लास्तरमा जिल्ला वन क्षेत्र समन्वय समिति, वन सुरक्षा समन्वय समिति, वन अतिक्रमण नियन्त्रण समिति, डढेलो नियन्त्रण संयन्त्रबाट समन्वय, सहकार्य र सहजीकरण हुनेछ।

साथै यस प्रदेशको वन, जलाधार तथा जैविक विविधताको संरक्षण, व्यवस्थापन गर्न संघीय वन तथा वातावरण मन्त्रालय मातहतका ४ वटा संरक्षित क्षेत्र (चितवन राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र) कार्यालय, १ वटा बृहंत जलाधार व्यवस्थापन केन्द्र, १ वटा वनस्पति उद्यान,१ वटा प्राणी उद्यान, वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र स्थापना भएका छन्। यी निकाय र यसमा कार्यरत जनशक्तिले यस रणनीति कार्यान्वयनमा प्रत्यक्ष परोक्ष रुपमा समन्वयकारी भूमिका खेल्नेछन्। यसका अलावा प्रदेश र संघका मान्त्रालयहरुले वन क्षेत्रका क्षेत्रगत र अन्तर क्षेत्रगत विषयहरुबाट क्रियाकलापहरु कार्यान्वयन गर्नमा प्रत्यक्ष र परोक्ष सहयोग पुग्नेछ।

## ७.२ कानूनी व्यवस्था

वन क्षेत्रको संरक्षण, विकास, सम्बर्धन, व्यवस्थापन एवं नियमन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति, २०७५ को अलावा राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; राष्ट्रिय वातावरण नीति, २०७६; राष्ट्रिय कृषि वन नीति, २०७६; सिमसार नीति, २०६९, जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१, राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति, २०८० र वन क्षेत्र रणनीति, २०१६ जारी भएका छन्।

राष्ट्रिय रुपमा एक रुपता ल्याउन संघीय सरकारबाट जारी भएका वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३; वन्यजन्तुबाट भएको क्षतीको राहत वितरण निर्देशिका, २०८०; पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०; व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०; वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ हरुले यस योजनालाई कार्यान्वयनमा मदत पुग्नेछ।

त्यस्तै गण्डकी प्रदेश सरकारबाट तर्जुमा भई जारी भएका बुँदा नं. १५ मा उल्लेखित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड समेतले यस योजना कार्यान्वयनमा प्रत्यक्ष सहयोग पुग्नेछ। साथै यी उल्लेखित कानूनहरु रणनीतिक योजनाको कार्यान्वयनको समयक्रममा आवश्यकता अनुसार परिमार्जन हुन सक्नेछन्।

प्रदेश सचिव

खण्ड ८

# रणनीतिक योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन र पुनरावलोकन

निमित्त प्रमुख सचिव

यस रणनीतिक योजना कार्यान्वयन प्रदेशको वन सम्बन्धी मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन्यजन्तु उद्दार केन्द्र एवं सहभागितामूलक वन समूहहरुबाट कार्यान्वयन हुनेछ। यसको कार्यान्वयनका चरणहरुमा संघ, स्थानीय तह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ। यस रणनीतिक योजनाको कार्यान्वयन देहाय बमोजिम गरिनेछ।

## ८.१ रणनीतिक योजनाको कार्यान्वयन

यस रणनीतिक योजनाको कार्यान्वयनमा बीस बर्ष अवधिको परिकल्पना गरिएको छ। यसको कार्यान्वयनका लागि प्रदेश सरकारबाट आवश्यक पर्ने स्रोतको आँकलन गरिनेछ। यसका कार्यान्वयनका लागि आवश्यक पर्ने थप बजेट संघ सरकारसँगको समन्वय र सहकार्यमा सःशर्त र समानीकरण अनुदानमा मार्फत प्राप्त गरिनेछ। साथै स्थानीय तहहरुसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी निजी क्षेत्रको लगानी बृद्धि गरिनेछ।

यसको कार्यान्वयनका लागि प्रदेशको वन सम्बन्धी मन्त्रालयले समयावधि सहितको क्रियाकलापहरु निर्धारण गरी कार्ययोजना (वर्किङ् प्लान) र कार्य पात्रो (वर्क क्यालेण्डर) निर्माण गरिनेछ। वन क्षेत्रको तहगत सोपान अनुसार वस्तुनिष्ठ कार्य सम्पादन करार गरिनेछ। प्रचलित कानून बमोजिम कर्मचारीलाई तोकिएको अवधिभर स्थायित्व कायम राखी वन प्रशासन परिचालन हुनेछ।

## ८.२ मानव संसाधन व्यवस्थापन

यस रणनीतिक योजना कार्यान्वयनका लागि मानव संसाधनको महत्वपूर्ण भूमिका रहन्छ। प्रदेशस्थित वन तथा वातावरण मन्त्रालय र यस मातहतका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजनल वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन्यजन्तु उद्दार केन्द्रमा रहेका प्राविधिक तथा अन्य सेवाका प्रदेश र मन्त्रालयमा रहेका वन प्राविधिक र अन्य सेवा समेत गरी ६ सय पचार भन्दा बढी जनशक्ति यस रणनीतिक योजना कार्यान्वयमा प्रत्यक्ष संलग्न हुनेछन्। प्रदेशको वन क्षेत्रको वन संरक्षण र अतिक्रमण नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने सशस्त्र वन रक्षकलाई सबै डिभिजनमा परिचालन गर्न संघ सरकारसंग समन्वय गरिनेछ। उल्लेखित जनशक्तिहरुलाई परिवर्तित सन्दर्भमा तालिम र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनको प्रवन्ध मिलाईनेछ। प्रादेशिक जनशक्तिको कार्यबोझ, सेवा प्रवाह क्षेत्र र आवश्यकताका आधारमा वस्तुनिष्ठ संगठन सर्वेक्षण तथा व्यवस्थापन गरी दक्ष, सुशासनयुक्त र अनुभवी संस्था तथा संगठनको निर्माण गरी रणनीतिक योजना कार्यान्वयनमा वातावरण मिलाईनेछ। मन्त्रालयका मौजुदा जनशक्तिका अतिरिक्त प्रदेशिक एवं संघीय मन्त्रालय तथा निकाय, स्थानीय तह र समुदायसंग सहकार्य गरी योजना कार्यान्वयनमा थप जनशक्ति परिचालन हुनेछन्।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

## ८.३ रणनीतिक योजनाको सञ्चार

प्रदेशको वन सम्बन्धी रणनीतिका योजनाको सफल कार्यान्वयनको लागि सरोकारवाला तथा लाभग्राही समुदाय वीच कुशल सञ्चार हुनु पर्दछ। योजना कार्यान्वयनका लागि चाहिने स्रोत साधन र प्रविधिको आँकलन र सोको व्यवस्था, कार्यक्रम/क्रियाकलापको कार्यान्वयन, कार्यान्वयन चरणका सम्भावित जोखिमहरु र प्राप्त हुने उपलब्धिका बारेमा संगठित र प्रभावकारी सञ्चार योजना बनाएर सबै वीच जानकारी गराईनेछ। यस्ता सूचना, सन्देश तथा जानकारीहरुलाई स्थानीय पत्रपत्रिका, रेडियो, एफएम; फेसबुक, टिकटक, भाईवर जस्ता डिजिटल सञ्चार माध्यमबाट ग्रुप बनाएर लक्षित सरोकारवाला र समुदायमा समय समयमा सञ्चार योजना बनाई सञ्चार गरिनेछ। यसको अलावा समयसमयमा हुने समन्वय/त्रैमासिक/बार्षिक बैठक, तालिम, गोष्ठी, भेला विभिन्न सामग्री र बार्षिक प्रतिवेदन तयार गरी सरोकारवालालाई सुसूचित गरिनेछ। प्रदेश वन मन्त्रालय, वन निर्देशनालय र मातहतका कार्यालयहरुमा सञ्चार सन्देश तयार गर्ने, प्रवाह गर्ने, प्रभावको मूल्याङ्कन र आँकलन गर्ने जिम्मेवार व्यक्ति तोकिनेछ।

## ८.४ अनुगमन र मूल्याङ्कन रणनीति

यस रणनीतिक योजनाको अनुगमन मूल्याङ्कन रणनीति देहाय बमोजिम हुनेछः

- संघीय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० र प्रादेशिक कानूनहरु बमोजिम यस रणनीति योजना कार्यान्वयनको निरन्तर र आवधिक रुपमा निगरानी, निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सहितको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।
- यसको अनुगमन र मूल्याङ्कनमा आवश्यकता अनुसार स्वतन्त्र, निष्पक्ष र तेस्रो पक्षलाई सहभागी गराइनेछ।
- अनुगमन र मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतको पूर्ण व्यवस्था गरिनेछ।
- रणनीतिक योजनाको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य, स्वीकृत वार्षिक कार्यक्रम, योजनाको डिजाइन, लाभ र लागत, वातावरणीय पक्ष, अपेक्षित उपलब्धी प्राप्ति भए नभएको, लैङ्गिक समता तथा सामाजिक समावेशिता आदि प्राप्त भए नभएको, अपेक्षित परिणाम उत्पादन भए नभएको, स्रोतको उपलब्धता र पर्याप्तता समेतको आधारमा यसको अनुगमन र मूल्याङ्कन गरिनेछ।
- अनुगमन र मूल्याङ्कनलाई रणनीतिक योजनाको सुधार र परिमार्जनका लागि आधारको रुपमा विकसित गरिनेछ।

## ८.५ रणनीतिक योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

- यस रणनीति कार्यान्वयनको योजनाको कार्यान्वयन सम्बन्धमा वन तथा वातावरण मन्त्रालयद्वारा प्रदेश नीति तथा योजना आयोग, निर्देशनालय र विभिन्न सरोकारवाला निकायहरुको संलग्नतामा नियमित रुपमा अनुगमन, मुल्याङ्कन तथा आवधिक समिक्षा गरिनेछ।
- प्रदेश मन्त्रालयले रणनीतिक योजनाको क्षेत्रगत र उपक्षेत्रगत कार्यक्रम कार्यान्वयन/सञ्चालनको अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवालाहरुको सहभागितामा वस्तुपरक सूचकहरु सहितको अनुगमन योजना दुई वर्षभित्र बनाउनेछ।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल
गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल
निमित्त प्रमुख सचिव

- कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले निर्धारित अनुगमन सूचकका आधारमा आफ्ना कार्यक्षेत्र भित्रका वन क्षेत्रका (वन, वनस्पति, वन्यजन्तु तथा जलाधार संरक्षण, व्यवस्थापन, प्रशासन तथा राष्ट्रिय वन विकास) कार्यक्रम कार्यान्वयनको नियमिति रुपमा अर्धबार्षिक र बार्षिक स्वःअनुगमनको अभिलेख र प्रतिवेदन तयार गरी विद्यमान वन सूचना प्रणालीमा प्रविष्ठ गरी निर्देशनालयमा पेश गर्नेछन्।
- वन निर्देशनालयले आँफूले गरेको स्थलगत निरीक्षण, अनुगमन तथा मातहतका निकायबाट प्राप्त प्रतिवेदन अध्ययन गर्दा वस्तुनिष्ठता र यथार्थता सहित कार्यान्वयमा सुधार गर्नुपर्ने देखिएमा कार्यान्वयन गर्ने निकायलाई तत्काल पृष्ठपोषण गरी मन्त्रालयलाई जानकारी दिनु पर्नेछ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन्यजन्तु उद्दार केन्द्रबाट कार्यान्वयनको प्रगति प्रतिवेदन र सुझाव निर्देशनालयमा पठाउने र वन निर्देशनालयले गरेको स्थलगत निरीक्षण, अनुगमन प्रतिवेदन समेत एकत्रित तथा विश्लेषण गरी प्रादेशिकस्तरको एकीकृत प्रतिवेदन तयार पारी वन तथा वातावरण मन्त्रालयमा प्रस्तुत गरी आवधिक रुपमा प्रतिवेदन वन तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण विभागमा पठाउनु पर्नेछ। प्रतिवेदनलाई प्रकाशन गरी निर्देशनालयको वेवपेजमा प्रविष्ठ गर्ने व्यवस्था मिलाईनेछ।
- निर्देशनालयले आवधिक रुपमा यस रणनीतिक योजनाको कार्यान्वयनको अवस्थाको बारेमा पाँच वर्षको अवधिमा अध्ययन गरी गराई सबै सरोकारवालाहरुसँगको सहभागितामा समीक्षा गर्नेछ। समीक्षाबाट प्राप्त सुझावहरुलाई समावेश गरी रणनीतिक योजनाको मन्त्रालयले मध्यावधिक परिमार्जन र पुनरावलोकन गर्न सक्नेछ।

## ८.६ जोखिम व्यवस्थापन

यस रणनीतिक योजनाको कार्यान्वयनमा मुलत संघ, प्रदेश र स्थानीय तहको बार्षिक रुपमा विनियोजित बजेटलाई प्रमुख आधार मानिएकों छ। योजनाको कार्यान्वयन क्रममा तीनै तहमा सरकारले संविधानले निर्धारण गरेको अधिकार क्षेत्रको पूर्णपालना, समन्वय र सहकार्य; राजनीतिक स्थिरता; आवश्यक पर्ने वित्तीय स्रोत र जनशक्तिको प्रबन्ध हुने मान्यता राखेको छ। यद्यपि यसको कार्यान्वयन गर्दा मुख्य रुपमा देहायका जोखिमहरु देखा पर्न सक्नेछन्:

- योजनाको अपेक्षा अनुरुप प्रदेश सरकारबाट बजेट विनियोजन र संघ सरकारबाट सशर्त एवं समानिकरण अनुदान प्राप्त नभएमा,
- रणनीतिक योजनाले परिलक्षित गरेका कार्यक्रम सञ्चालनमा बाधा पुग्ने गरी नयाँ नीति, रणनीति, ऐन निर्माण एवम् सरकारबाट निर्णय भएमा,
- प्राकृतिक विपद् र जलवायुजन्य प्रकोप जस्ता भूकम्प, रोग र महामारी, बाढी पैह्रो, खडेरी, डुवान आदि प्रकोप भएमा,
- राजनीतिक अस्थिरता र सरकारहरुको प्राथमिकता परिवर्तन भएमा,
- तीनै तहको सरकारहरु बीच अधिकार क्षेत्रको वीचको द्वन्द्व रही असहयोग भएमा,
- दक्ष र तालिम प्राप्त जनशक्तिको कमी र कर्मचारी परिचालन प्रभावकारी नभएमा।

प्रदेश सचिव

## खण्ड ९
## रणनीतिक योजना कार्यान्वयनको वित्तीय व्यवस्था

निमित्त प्रमुख सचिव

यस रणनीतिक योजनाले परिलक्षित गरेका क्षेत्रगत क्रियाकलापहरु कार्यान्वयन गरी अपेक्षित उपलब्धिहरु हासिल गर्न निम्नानुसारको वित्तिय स्रोतको परिचालन हुन सक्नेछ।

१. **सरकारी बजेटः** प्रदेश, संघ र स्थानीय सरकारबाट विनियोजन हुने नियमित बार्षिक बजेट मुख्य लगानीको स्रोत हुनेछ।

२. **कोषको रकमः** वन विकास कोष, वन संरक्षण क्षेत्रको कोष, जिल्ला वन पैदावार आपूर्ती समितिको कोष, विपद् व्यवस्थापन कोषमा रहेको रकम।

३. **वन समूहको आम्दानीः** समुदायमा आधारित वनको व्यवस्थापन गर्दा उत्पादन भएको वन पैदावारको बिक्री वितरण गर्दा हुने समुह कोषको रकम दिगो वन व्यवस्थापनको लागि लगानीको स्रोत हुनेछ।

४. **वातावरणीय सेवाबाट प्राप्त हुने आम्दानीः** वन संरक्षण र व्यवस्थापन गरे बापत कार्बन उत्सर्जन न्यूनीकरण भुक्तानीबाट प्राप्त हुने वित्त, जलवायु परिवर्तन अनुकुलनबाट प्राप्त हुने वित्तिय स्रोत।

५. **बाह्य सहयोगः** संघ सरकारको समन्वय र सहयोगमा विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्था, दातृ निकाय एवं विकास साझेदारहरुसँग सहकार्य गरी प्राप्त हुने वित्तिय स्रोत।

६. **वित्त पहुँच मार्फतका प्राप्त स्रोतः** संघ सरकारको समन्वय र सहयोगमा उत्सर्जन न्यूनीकण, जलवायुजन्य जोखिम कम गरी उत्थानशिलता अभिबृद्धि स्थापित विश्व वातावरणीय सुविधा (ग्लोबल इन्भाइरोमेन्ट फन्ड), हरित जलावयु कोष (ग्रीन क्लाईमेट फन्ड), विशेष जलावयु परिवर्तन कोष (स्पेसल क्लाईमेट चेन्ज फन्ड), अनुकूलन कोष (एडप्टेसन फन्ड), वन लगानी कार्यक्रम (फरेष्ट इन्भेसमेन्ट फन्ड), स्वच्छ प्रविधि कोष (क्लिन टेक्नोलोजी फन्ड) समेतमा परियोजना विकास गरी प्राप्त हुने वित्तिय स्रोत।

७. **निजी तथा व्यवसायिक क्षेत्रको लगानी र दायित्वः** निजी क्षेत्रले वन पैदावारमा आधारित र पर्यापर्यटन उद्यम स्थापना, सञ्चालन र व्यवस्थापनमा गरेको लगानी। साथै व्यवसायिक सामाजिक उत्तरदायित्व (कर्पोरेट सोसियल रेष्पोन्सिविलिटी) अन्तर्गत वृक्षरोपण, शहरी हरियाली प्रवर्धन, हरित उद्यम लगायतमा हुने लगानी।

८. **आयोजना परियोजनाः** गण्डकी प्रदेशमा हाल कार्यान्वयनमा रहेका गण्डकी जलाधार जलवायु उत्थानशिल आयोजना (गण्डकी बेसिन क्लाइमेन्ट रेजिलियन्ट प्रोजेक्ट), प्रकृतिमा आधारित समाधान मार्फत हिमाली क्षेत्रका समुदाय र पारिस्थितिकिय प्रणालीको जलवायु उत्थानशिलता अभिवृद्धिमा मूल प्रभावाहिकरण (मेनस्ट्रिमिङ नेचर वेस सोलुसन्स यिन्हेन्स दि क्लाइमेन्ट रेजिलियन्स अफ कम्युनिटीज एन्ड इकोसिष्टम क्इन दि हिमालयन रिजन अफ नेपाल) आयोजना संचालन भएको र हुने क्रममा रहेका छन्।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

## खण्ड १०
## अपेक्षित उपलब्धि

यस रणनीतिक योजनाको कार्यान्वयनबाट निम्न उपलब्धिहरु हासिल हुने अपेक्षा गरिएको छ।

१. प्रदेशका डिभिजन वन कार्यालयहरुले आफ्नो कार्यक्षेत्रभित्रको राष्ट्रिय वनको आवधिक योजनासहितको रणनीतिक योजना बनाई लागू गरेका हुनेछन्।

२. प्रदेशको सम्पूर्ण वनक्षेत्रको वनको प्रकार, व्यवस्थापनको पद्धति, उपभोक्ताको चाहना र भौगोलिक अवस्थाको अनुकूलता अनुरुप प्रचलित कानूनमा भएका व्यवस्था अनुरूपका वन व्यवस्थापन योजना निर्माण गरी व्यवस्थापन हुनेछ।

३. सामुदायमा आधारित वनको वन व्यवस्थापन योजना समयमै नवीकरण एवं परिमार्जन गरी वन व्यवस्थापन कार्य सञ्चालन भएको हुनेछ।

४. प्रदेशको तराई र समथर भूभाग रहेका डिभिजन वन क्षेत्रको कम्तिमा ५० प्रतिशत र मध्य पहाडको न्यूनतम १० प्रतिशत राष्ट्रिय वनको वन संवर्धन प्रणाली अनुरुप व्यवस्थापन भएको हुनेछ।

५. प्रदेशभित्रका विभिन्न पध्दतिबाट व्यवस्थापन भएका राष्ट्रिय वनबाट बार्षिक रुपमा करिव २० लाख घनफिट काठ दाउरा उत्पादन भएको हुनेछ। प्रदेश काठ दाउरामा आत्मनिर्भर भई प्रदेश बाहिर समेत निकासी गर्न सक्षम हुनेछ।

६. प्रदेशमा वन क्षेत्रबाट गत आर्थिक बर्षमा ५ लाख ५३ हजार श्रमदिन रोजगारी सृजना भएको अनुमान गरिएकोमा योजनाको कार्यान्वयन हुन सकेमा बार्षिक १० लाख श्रम दिन र वन पैदावारमा आधारित उद्यमहरुबाट समेत थप १ लाख श्रमदिन रोजगारी सृजना भएको हुनेछ।

७. प्रदेशका महत्वपूर्ण प्रजातिका जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरु पाईने क्षेत्रको नक्शाङ्कन भइ त्यस्ता प्रजातिकाे व्यवस्थापन, उत्पादन तथा बजारिकरणका कार्यहरू भएको हुनेछ।

८. वन उपभोक्ता र नागरिकमा काठ दाउरा लगायत अन्य वन पैदावारको आवश्यकताको सरल र सहज पूर्ति भएको हुनेछ।

९. प्रदेशका वनजन्य उद्यमहरूलाइ सरल, सहज र नियमित रुपमा कच्चा पदार्थ उपलब्ध भई वनमा आधारित उद्योगहरुको विकास र विस्तार भएको हुनेछ। यसबाट वन क्षेत्रमा निजी क्षेत्रको लगानी थप आकर्षित भएका हुनेछन् ।

१०. प्रदेशका सबै सरकारी कार्यालय र सरकारको सहयोगमा सञ्चालिन नर्सरीहरुबाट समेत बार्षिक कम्तिमा ५ लाख गुणस्तरयुक्त विरुवा उत्पादन र वितरण भई निजी, शहरी वन र सार्वजनिक वनको विकास र विस्तार भएको हुनेछ।

११. वन अतिक्रमण नियन्त्रण, वन डढेलोमा कमी, मिचाहा प्रजातिको प्रकोप र फैलावटमा नियन्त्रण भएको हुनेछ।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

१२. प्रदेशमा भएका कूल वन अतिक्रमणको क्षेत्रमा कम्तीमा २५% खाली गराई वृक्षारोपण गरी वन क्षेत्र कायम भएको हुनेछ।

१३. प्रदेशमा कृषि खेती नगरी खाली रहेको, बाँझिएको र नदी उकास क्षेत्र जस्ता भूभागमा कृषि वन स्थापना भएको हुनेछ।

१४. प्रदेशका वनहरुको संरक्षण, सम्वर्धन र विकासबाट कार्बन सञ्चितिमा बृद्धि भई संघीय सरकारको समन्वयमा कार्बन व्यापारबाट प्राप्त हुने लाभ वन व्यवस्थापकलाई प्राप्त भएको हुनेछ।

१५. जलाधार क्षेत्रको विशेषता र संवेदनशीलतामा आधारित ५० वटा जलाधार व्यवस्थापन योजना तयार भई स्थानीय र संघीय सरकारसँगको समन्वय, सहभागिता र सहकार्यमा योजना कार्यान्वयन भएका हुनेछन्।

१६. एकिकृत जलाधार व्यवस्थापनको अवधारणा अनुसार जलाधारिय स्रोतहरुको दिगो संरक्षण र उपयोग भई जलवायुजन्य जोखिम न्यूनीकरण भई समुदायमा जलवायु उत्थानशिलता अभिबृद्धि हुनेछ।

१७. प्रकृतिमा आधारित समाधानका उपायहरु अवलम्बन गरी भूमिको उत्पादकत्व अभिबृद्धि तथा स्वच्छ पानीको दिगो उपलब्धता हुनेछ।

१८. प्रदेशका अन्तराष्ट्रिय महत्वका ताल, तलैया, ऐतिहासिक पोखरी र अन्य पर्यटकीय गन्तव्यको संरक्षण र व्यवस्थापन भई प्रकृतिमा आधारित पर्यापर्यटको संख्या बृद्धि भएको हुनेछ।

१९. वन क्षेत्रमा वन्यजन्तुको वासस्थान व्यवस्थापन र वन्यजन्तु उद्धारबाट मानव वन्यजन्तु वीच सहअस्तित्व कायम भई जन, धन, पशुपंक्षी तथा कृषि क्षेत्रमा हुने नोक्सानीमा कमी आएको हुनेछ।

प्रदेश सचिव

निमित्त प्रमुख सचिव


**DFRS, 2018.** Forest Cover Maps of Local Levels (753) of Nepal. Department of Forest Research and Survey (DFRS), Kathmandu, Nepal.

**DFRS, 2015.** State of Nepal's Forests. Forest Resource Assessment (FRA) Nepal, Department of Forest Research and Survey (DFRS). Kathmandu, Nepal.

**FRTC, 2024.** National Land Cover Monitoring System of Nepal, 2020-2022. Forest Research and Training Centre (FRTC). Babarmahal, Kathmandu, Nepal.

**FRTC. 2022.** An Assessment of Carbon Sequestration and Emission in Gandaki Province, Forest Research and Training Center (FRTC), Ministry of Forest, Environment and Soil Conservation, Pokhara, Gandaki Province.

**JICA Nepal, 2022.** Vulnerability Assessment of Forestry and Watershed Sector to Climate Change in Gandaki province, Nepal. Japan International Cooperation Agency, Kathmandu, Nepal.

**MoFE, 2018.** Integrated Lake Basin Management Plan of Lake Cluster of Pokhara valley, Nepal (2018-2023). Ministry of Forests and Environment, Kathmandu, Nepal.

**NTNC-ACAP, 2024.** Management Plan of Annapurna Conservation Area (2080/81-2084/85), National Trust for Nature Conservation, Khumaltar, Lalitpur, Nepal

**Rajbhandari, K.R., Rai, S.K., Joshi M.D., Khatri, S. Bhatta, G.D. and Chhetri, R., 2021.** Endemic Flowering Plants of Nepal: Status and Distribution. Integrating Biological Resources for Prosperity, 2021, 23-72.

**Subedi P. 2005.** Survey and Monitoring of Gyps species Vulture in Nawalparasi District, West of Daune Hill, Nepal. Report submitted to Bird Conservation Nepal, Kathmandu, Nepal. V+23pp.

**Subedi P. 2009.** Monitoring of Cheer Pheasant (Catreus Wallichii) in Kaligandaki River Valley, Mustang District, Nepal. A research report submitted to National Trust for Nature Conservation/Annapurna Conservation Area Project, Unit Conservation Office, Jomsom, Nepal, Pp VII+34.

**Subedi, P. 2004.** Status and distribution of cheer pheasant Catreus wallichi in Dhorpatan Hunting Reserve, Nepal. Report Submitted to World Pheasant Association and & Oriental Bird Club, UK. PpX+35.

**Subedi, P. 2013.** Monitoring Survey of Himalayan Musk Deer *(Moschus chrysogaster)* Habitat in Annapurna Conservation Area, Lower Mustang, Nepal, A Research Report Submitted to NTNC/ACAP, Unit Conservation Office, Jomsom, Nepal, Pp IV+31.

**LCDA (2024),** Monitoring and Preparation of Report of Lakes across the Gandaki Province, Nepal. Lake Conservation and Development Authority, Gandaki Province, Pokhara, Nepal. pp. 90.

**प्रदेश नीति तथा योजना आयोग, २०७७.** प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७—२०८०/८१), प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल।

**मुद्रण विभाग, २०७७.** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना, नेपाल राजपत्र खण्ड ७०, भाग ५, मिति २०७७।११।१७, मुद्रण विभाग, सिहदरवार, काठमाडौं।

**मुद्रण विभाग, २०७४.** वन तथा भू-संरक्षण मन्त्रालयको सूचना, नेपाल राजपत्र खण्ड ६७, संख्या ३, भाग ५, मिति २०७४।०१।१८, मुद्रण विभाग, सिहदरवार, काठमाडौं।

**मुद्रण विभाग, २०७८.** वन तथा भू-संरक्षण मन्त्रालयको सूचना, नेपाल राजपत्र खण्ड ७१, संख्या ४५, भाग ५, मिति २०७८।११।१६, मुद्रण विभाग, सिहदरवार, काठमाडौं।


प्रदेश सचिव

मुद्रण विभाग, २०७१. विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको सूचना, नेपाल राजपत्र खण्ड ६४, संख्या ९, भाग ५, मिति २०७१।०३।१६, मुद्रण विभाग, सिहदरवार, काठमाडौं।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७५. नेपालका संरक्षित क्षेत्रहरू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं, नेपाल।

वन निर्देशनालय, २०८२. बार्षिक प्रगति पुस्तिका २०८१/८२। वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।

वन तथा वातावरण मन्त्रालय, २०८१. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१-२१००), वन तथा वातावरण मन्त्रालय, सिहदरवार, काठमाडौं।

वन तथा वातावरण मन्त्रालय, २०८०. राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति, २०८०। वन तथा वातावरण मन्त्रालय, सिहदरवार, काठमाडौं।

वन तथा वातावरण मन्त्रालय, २०७५. राष्ट्रिय वन नीति २०७५, वन तथा वातावरण मन्त्रालय, सिहदरवार, काठमाडौं।

निमित्त प्रमुख सचिव

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

अनुसूची १: गण्डकी प्रदेशको भू-उपयोग अवस्था

तालिका ३: गण्डकी प्रदेशको भू-उपयोग विवरण

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | जल क्षेत्र (Water Body) | ७४०३.०० | ०.३४ |
| २ | हिमनदी क्षेत्र (Glacier area) | १६९३४३.०० | ७.७३ |
| ३ | हिउ क्षेत्र (Snow land) | १२२३४५.०० | ५.५९ |
| ४ | वन क्षेत्र (Forest) | ८३१६९४.०० | ३७.९८ |
| ५ | नदी किनार क्षेत्र (Riverbed) | २४२७६.०० | १.११ |
| ६ | निर्मित क्षेत्र (Built up) | ५४६२९.०० | २.४९ |
| ७ | कृषि क्षेत्र (Cropland) | २३६४२९.०० | १०.८० |
| ८ | खुल्ला माटो क्षेत्र (Bare soil) | १०४२.०० | ०.०५ |
| ९ | खुल्ला चट्टान (Bare rock) | १७३०२३.०० | ७.९० |
| १० | घाँसे मैदान (Grassland) | ४८२०७७.०० | २२.०१ |
| ११ | अन्य क्षेत्र (Other land) | ८७६५५.०० | ४.०० |

Source: FRTC, 2024.

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

## अनुसूची २: जिल्ला अनुसार वन क्षेत्रको विवरण

तालिका ४: गण्डकी प्रदेशको जिल्ला अनुसार वन क्षेत्रको विवरण

| जिल्ला | जिल्ला क्षेत्रफल (हे.) | वनको कूल क्षेत्रफल (हे.) | वन क्षेत्र (प्रतिशत) | अन्य क्षेत्र (हे.) | अन्य क्षेत्र (प्रतिशत) |
|---|---|---|---|---|---|
| बागलुङ्ग | १५१,९९१ | ८२७५२ | ५४.४५ | ६९२३९ | ४५.५५ |
| गोरखा | ३६३,६५१ | १३१,४५६ | ३६.१५ | २३२१९५ | ६३.८५ |
| कास्की | २०८,१०७ | ९४,७९७ | ४५.५५ | ११३३१० | ५४.४५ |
| लम्जुङ्ग | १६५,९०२ | ९१,४६३ | ५५.१३ | ७४४३९ | ४४.८७ |
| मनाङ्ग | २३१,६८३ | २८,०८७ | १२.१२ | २०३५९६ | ८७.८८ |
| मुस्ताङ | ३५५,७५२ | २८,४२२ | ७.९९ | ३२७३३० | ९२.०१ |
| म्याग्दी | २१०,२१८ | १०३,७२७ | ४९.३४ | १०६४९१ | ५०.६६ |
| नवलपरासी | १३२,९०२ | ७६,४९३ | ५७.५६ | ५६४०९ | ४२.४४ |
| पर्वत | ५४,०५५ | २७,४८० | ५०.८४ | २६५७५ | ४९.१६ |
| स्याङ्जा | १०३,५६९ | ४७,७२० | ४६.०८ | ५५८४९ | ५३.९२ |
| तनहुँ | १५६,९०२ | ८५,२४९ | ५४.३३ | ७१६५३ | ४५.६७ |
| जम्मा | २१३४७३२ | ७९७६४६ | ३७.३७ | १३३७०८६ | ६२.६३ |

Source: DFRS, 2018.

*नोटः यो तालिकामा दिईएको तथ्याङ्क वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सन् २०१८ मा प्रकाशित* Forest Cover Maps of Local Levels (753) of Nepal *पुस्तकमा भएको र यस योजनाको अनुसूची ३ मा रहेको स्थानीय तहको क्षेत्रफललाई आधार मानी जिल्लाको क्षेत्रफल कायम गरिएको छ।*

प्रदेश सचिव

निमित्त प्रमुख सचिव

अनुसूची ३: स्थानीय तह अनुसार वन क्षेत्रको विवरण

तालिका ५: गण्डकी प्रदेशमा स्थानीय तह अनुसार वन क्षेत्रको विवरण

| जिल्ला | स्थानीय तहको नाम | जिल्लाको कूल क्षेत्रफल (हे.) | वन क्षेत्रको कूल क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|---|
| बागलुङ | बडिगाड गाउँपालिका | १७,८२३ | १०,०३१ | ५६.३ |
| | बरेङ गाउँपालिका | ७,५१२ | ३,५७७ | ४७.६ |
| | काठेखोला गाउँपालिका | ८,२७१ | ३,०३७ | ३६.७ |
| | निसीखोला गाउँपालिका | २४,३६८ | ११,६१६ | ४७.७ |
| | तमान खोला गाउँपालिका | १७,७५७ | ११,६४० | ६५.६ |
| | तारा खोला गाउँपालिका | १२,९२३ | १०,०२८ | ७७.६ |
| | बागलुङ नगरपालिका | ९,८७१ | ३,२१५ | ३२.६ |
| | ढोरपाटन नगरपालिका | २२,२२६ | १३,३७७ | ६०.२ |
| | गलकोट नगरपालिका | १९,३९४ | १२,९०३ | ६६.५ |
| | जैमिनी नगरपालिका | ११,८४६ | ३,३२८ | २८.१ |
| | | **१५१,९९१** | **८२,७५२** | **५४.४** |
| गोरखा | आरुघाट गाउँपालिका | १६,०३७ | ८,९३६ | ५५.७ |
| | अजिरकोट गाउँपालिका | १९,७५७ | ९,७२८ | ४९.२ |
| | भिमसेनथापा गाउँपालिका | १०,१०० | ३,९४८ | ३९.१ |
| | चुमनुब्री गाउँपालिका | १६४,४३३ | ३८,३६३ | २३.३ |
| | धार्चे गाउँपालिका | ६४,९७२ | ३४,८६६ | ५३.७ |
| | गण्डकी गाउँपालिका | १२,३५६ | ५,०९० | ४१.२ |
| | सहिद लखन गाउँपालिका | १४,८६२ | ५,४६८ | ३६.८ |
| | सिरानचोक गाउँपालिका | १२,१३८ | ४,५८९ | ३७.८ |
| | बारपाक सुलिकोट गाउँपालिका | २०,०१३ | ११,८१७ | ५९.० |
| | गोरखा नगरपालिका | १३,१५६ | ४,३४६ | ३३.० |
| | पालुङटार नगरपालिका | १५,८२७ | ४,३०५ | २७.२ |
| | | **३६३,६५१** | **१३१,४५६** | **३६.१** |
| कास्की | अन्नपूर्ण गाउँपालिका | ४१,७०३ | १६,८७५ | ४०.५ |
| | माछापुच्छ्रे गाउँपालिका | ५४,३७६ | २२,७०६ | ४१.८ |
| | मादि गाउँपालिका | ५६,२०८ | ३०,२४५ | ५३.८ |

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | रूपा गाउँपालिका | ९,४६५ | ५,४८५ | ५८.० |
| | पोखरा लेखनाथ महानगरपालिका | ४६,३५५ | १९,४८५ | ४२.० |
| | | २०८,१०७ | ९४,७९७ | ४५.६ |
| लमजुङ | दोर्दी गाउँपालिका | ३५,०१६ | १६,७५६ | ४७.९ |
| | दुधपोखरी गाउँपालिका | १५,२९८ | ९,०९७ | ५९.५ |
| | क्व्होलासोथार गाउँपालिका | १७,५०६ | १२,८३० | ७३.३ |
| | मर्स्याङ्दी गाउँपालिका | ५९,६०४ | ३५,२१६ | ५९.१ |
| | बेशीसहर नगरपालिका | १२,७३९ | ६,६६५ | ५२.३ |
| | मध्यनेपाल नगरपालिका | ११,३६५ | ५,६४७ | ४९.७ |
| | राइनास नगरपालिका | ७,१८२ | २,६४७ | ३६.९ |
| | सुन्दरबजार नगरपालिका | ७,१९२ | २,६०५ | ३६.२ |
| | | १६५,९०२ | ९१,४६३ | ५५.१ |
| मनाङ | चामे गाउँपालिका | ७,८७१ | २,१५७ | २७.४ |
| | नार्पा भूमी गाउँपालिका | ८३,६०५ | २,९८८ | ३.६ |
| | नासों गाउँपालिका | ७०,८१४ | १७,५९५ | २४.८ |
| | मनाङ डिस्याङ गाउँपालिका | ६९,३९३ | ५,३४७ | ७.७ |
| | | २३१,६८३ | २८,०८७ | १२.१ |
| मुस्ताङ | बारागुंग मुक्तिक्षेत्र गाउँपालिका | ८८,४१४ | २,९५१ | ३.३ |
| | लो घेकर दामोदरकुण्ड गाउँपालिका | १३४,५२० | ५,३८४ | ४.० |
| | घरपझोङ गाउँपालिका | ३१,६२९ | ५,८०१ | १८.३ |
| | लोमनथाङ गाउँपालिका | ७२,२९४ | २,२३० | ३.१ |
| | थासाङ गाउँपालिका | २८,८९५ | १२,०५६ | ४१.७ |
| | | ३५५,७५२ | २८,४२२ | ८.० |
| म्याग्दी | अन्नपूर्ण गाउँपालिका | ५५,५३८ | २८,३२२ | ५१.० |
| | धौलागिरी गाउँपालिका | ८५,६६० | ३५,५७१ | ४१.५ |
| | मालिका गाउँपालिका | १४,६८३ | ९,३३७ | ६३.६ |
| | मंगला गाउँपालिका | ८,८६४ | ५,४४५ | ६१.४ |
| | रघुगंगा गाउँपालिका | ३७,८३२ | २२,१७८ | ५८.६ |
| | बेनी नगरपालिका | ७,६४१ | २,८७४ | ३७.६ |
| | | २१०,२१८ | १०३,७२७ | ४९.३ |
| नवलपरासी (वर्दघाट सुस्तापूर्व) | विनयी त्रिवेणी गाउँपालिका | २८,७६० | १९,९५९ | ६९.४ |
| | बुलिङटार गाउँपालिका | १४,७४२ | ७,८५६ | ५३.३ |

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | बौदिकाली गाउँपालिका | ९,१७४ | ५,००५ | ५४.६ |
| | हुप्सेकोट गाउँपालिका | १८,८९३ | ११,७१६ | ६२.० |
| | देवचुली नगरपालिका | ११,२५१ | ५,९५७ | ५२.९ |
| | गैडाकोट नगरपालिका | १५,९६४ | ९,७३३ | ६१.० |
| | कावासोती नगरपालिका | १०,८१७ | २,९३० | २७.१ |
| | मध्यविन्दु नगरपालिका | २३,३०१ | १३,३३७ | ५७.२ |
| | | १३२,९०२ | ७६,४९३ | ५७.६ |
| पर्वत | विहादी गाउँपालिका | ४,४७१ | १,४४९ | ३२.४ |
| | जलजला गाउँपालिका | ८,२१० | ४,४४४ | ५४.१ |
| | महाशिला गाउँपालिका | ४,९३० | २,०४२ | ४१.४ |
| | मोदी गाउँपालिका | १४,३३४ | ९,८०५ | ६८.४ |
| | पैयू गाउँपालिका | ४,२५६ | १,३५० | ३१.७ |
| | कुश्मा नगरपालिका | ९,३०० | ४,१५३ | ४४.७ |
| | फलेवास नगरपालिका | ८,५५४ | ४,२३७ | ४९.५ |
| | | ५४,०५५ | २७,४८० | ५०.८ |
| स्याङ्जा | आँधीखोला गाउँपालिका | ६,९५० | ३,६०२ | ५१.८ |
| | अर्जुनचौपारी गाउँपालिका | ५,७१२ | २,२११ | ३८.७ |
| | बिरूवा गाउँपालिका | ९,५६५ | ४,१९० | ४३.८ |
| | हरिनास गाउँपालिका | ८,७३५ | ४,४६७ | ५१.१ |
| | कालीगण्डकी गाउँपालिका | ७,३३६ | ३,९०३ | ५३.२ |
| | फेदीखोला गाउँपालिका | ५,६६३ | ३,१९० | ५६.३ |
| | भिरकोट नगरपालिका | ७,८०९ | ३,००१ | ३८.४ |
| | चापाकोट नगरपालिका | १२,०३९ | ४,५४५ | ३७.८ |
| | गल्याङ नगरपालिका | १२,२४७ | ५,३०१ | ४३.३ |
| | पुतलीबजार नगरपालिका | १४,६९७ | ८,४३० | ५७.४ |
| | वालिङ नगरपालिका | १२,८१६ | ४,८८० | ३८.१ |
| | | १०३,५६९ | ४७,७२० | ४६.१ |
| तनहुँ | आँबुखैरेनी गाउँपालिका | १२,७७२ | ७,७४९ | ६०.७ |
| | बन्दीपुर गाउँपालिका | १०,१३४ | ४,६४८ | ४५.९ |
| | देवघाट गाउँपालिका | १५,९१३ | ११,६८४ | ७३.४ |
| | घिरिङ गाउँपालिका | १२,६१६ | ६,४०५ | ५०.८ |
| | म्याग्दे गाउँपालिका | ११,५१७ | ५,८२३ | ५०.६ |

प्रदेश सचिव

| | | | | |
|---|---|---|---|---|
| | ऋषिङ्ग गाउँपालिका | २१,४६९ | १२,३२५ | ५७.४ |
| | भानु नगरपालिका | १८,३९२ | ६,९१५ | ३७.६ |
| | भिमाद नगरपालिका | १२,९१० | ५,८०९ | ४५.० |
| | ब्यास नगरपालिका | २४,७२८ | १२,४८० | ५०.५ |
| | शुक्लागण्डकी नगरपालिका | १६,४५१ | ८,७११ | ५३.० |
| | | १५६,९०२ | ८५,२४९ | ५४.३ |
| | जम्मा | २,१३४,७३२ | ७९४,९४५ | ३७.२ |

Source: DFRS, 2018.

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

निमित्त प्रमुख सचिव

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

## अनुसूची ४: गण्डकी प्रदेशमा रहेको अन्तरप्रादेशिक वनको विवरण

तालिका ६: गण्डकी प्रदेशको अन्तरप्रादेशिक वनको विवरण

| क्र.सं. | जिल्ला | स्थानीय तह | वनको क्षेत्रफल (हे.) | वन रहेको वडा |
|---|---|---|---|---|
| १ | बाग्लुङ | निसीखोला गाउँपालिका | ७५९५.८९ | १,२,५,६ र ९ |
| २ | | गलकोट नगरपालिका | ९२६.३२ | ३ र ८ |
| ३ | | बरेङ गाउँपालिका | २५०.८० | ५ |
| ४ | | बडिगाड गाउँपालिका | २३४.९२ | १० |
| | | *४ स्थानीय तह* | ९००७.९४ | |
| ५ | गोरखा | धार्चे गाउँपालिका | ७५५.७५ | ६ |
| ६ | | आरुघाट गाउँपालिका | ४७९२.६१ | १ र २ |
| | | *२ स्थानीय तह* | ५५४८.३६ | |
| ७ | नवलपरासी (वर्दघाट सुस्तापूर्व) | विनयी त्रिवेणी गाउँपालिका | ९८३६.०२ | २, ३, ४ र ५ |
| ८ | | हुप्सेकोट गाउँपालिका | ५२२.४५ | ५ र ६ |
| ९ | | बौदिकाली गाउँपालिका | ४२५.४५ | ४ |
| | | *३ स्थानीय तह* | १०७८३.९२ | |
| | | कूल जम्मा | २५३४०.२२ | |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१


*नोटः नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रिस्तर) बाट मिति २०८१।११।१२ गते स्वीकृत भएको राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना, २०८१-२१०० मा उल्लेखित अन्तरप्रादेशिक वनको भूसूचना प्रणालीमा आधारित तथ्याङ्कबाट लिईएको हो।।*

प्रदेश सचिव

प्रमुख सचिव

## अनुसूची ५ : गण्डकी प्रदेशको प्रादेशिक र अन्तरप्रादेशिक वन क्षेत्र

नक्शा नं. १: गण्डकी प्रदेशमा प्रादेशिक र अन्तरप्रादेशिक वन क्षेत्र वितरण




प्रदेश सचिव

श्री सचिव,

वन तथा वातावरण मन्त्रालय।

गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना (वि.सं. २०८२-२१०१) स्वीकृत गर्ने सम्बन्धी विषयको वन तथा वातावरण मन्त्रालयको नं. ०६।०६।२०८२।०७।२६ को प्रस्ताव प्र.मं.प.बै.सं. २२।०८२ मिति २०८२।०७।२७ को गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन गण्डकी प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु।

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

(रमेश ढकाल)
निमित्त प्रमुख सचिव
२०८२।०७।२७